WANTED

We are looking for energetic, enthusiastic, self motivated and experienced candidate for the following posts

* Pre Primary -1 | +2 Passed Montessori trained
* Lower Secondary -1| सामाजिक
  Qualification: Minimum Bachelor Running
* Lower Secondary -1 | Mathematics
  Qualification: Minimum Bachelor Running

Apply immediately with handwritten application

* आया दिदी - १ (साधारण लेखपढ । पकाउन जान्ने)

Learners' Academy
Secondary School
Ph: 6612496 / 9841271637
learners.edu@hotmail.com

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

Teachers Wanted

We are looking for energetic, enthuiastic self motivated, experienced dedicated candidate for the following Posts:

S.N	Posts	Level	No.	Quali.
1.	Pre-Primary	------	1	+2 Passed Montessori Trained
2.	Science/Social/ L.C/Com	Low. Sec.	3	Min.Bachelor Running
3.	Population	Seccondary	1	Min.Bachelor Passed
4.	Extra Math	Low. Sec.	1	Min.Bachelor Running
5.	आया दिदी	------	१	साधारण लेखपढ

apply immidiate self handwritten application
The Base Camp for Quality Education
Sacred Heart Academy
सेकरिड् हार्ट एकेडेमी
sacredheartacademy73@ gmail.com
Ph: 01-6615772/9841432048

★ वर्ष : २८ ★ अङ्क : २७९ ★ ने. सं. ११४६ कौला थ्व, चतुर्थी ★ बिहीबार ★ १२ कार्तिक, २०८३ ★ October 29, 2026, Thursday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

क्युवाद्वारा संयुक्त राष्ट्रसङ्घमा अमेरिकी आरोप अस्वीकार

संयुक्त राष्ट्र सङ्घ, ११ कार्तिक (ग्रान्मा) । क्युवाली विदेशमन्त्री ब्रुनो रोड्रिग्वेज पेरिलाले मङ्गलबार संयुक्त राष्ट्रका लागि अमेरिकी राजदूत माइक वाल्ट्जले क्युवाविरूद्धको आर्थिक, व्यावसायिक र वित्तीय नाकाबन्दी अन्त्य गर्न माग गर्ने मस्यौदा प्रस्तावको विरोधमा बोल्दै महासभाको बहसको क्रममा क्युवामाथि लगाएको आरोपको जवाफ दिनुभयो ।

आफ्नो भाषणमा, वाल्ट्जले क्युवाली जनताले सामना गरेको आर्थिक कठिनाइहरूको लागि क्युवाली अधिकारीहरूलाई अनुचित रूपमा दोष दिएका थिए र टापुको विरूद्ध आफ्नो सरकारले लगाएको नाकाबन्दीको अस्तित्वलाई अस्वीकार गरेका थिए ।

उनले क्युवाको अन्तर्राष्ट्रिय चिकित्सा सहयोगमाथि पनि प्रश्न उठाए र अमेरिकाले पठाएको मानवीय सहायताको दुरुपयोगको बारेमा आरोप लगाए ।

यी कथनहरूको जवाफमा, रोड्रिगेज पेरिलाले एक प्वाइन्ट अफ अर्डर अनुरोध गर्नुभयो र महासभाका अध्यक्षलाई क्युवाली प्रतिनिधिमण्डलमा निर्देशित अपराधहरूको लागि अमेरिकी कूटनीतिज्ञलाई बोलाउन आग्रह गर्नुभयो ।

"संयुक्त राज्य अमेरिका घोर र घमण्डी ढङ्गले मात्र होइन; यसले सदस्य राष्ट्रहरूको गरिमाको अनादर गर्छ; दबाब दिन्छ र क्युवाली जनता र सरकारको मर्यादालाई अपमान गर्दछ" क्युवाली



विदेशमन्त्रीले बताउनुभयो ।

क्युवाली कूटनीतिक प्रमण्डलका प्रमुखसमेत रहनुभएका विदेशमन्त्री रोड्रिगेज पेरिलाले वाशिङ्गटनको तर्कलाई अस्वीकार गर्नुभयो र नाकाबन्दीविरूद्धको प्रस्तावमा मतदानको सन्दर्भमा अन्य सदस्य राष्ट्रहरूमाथि परेको दबाबको निन्दा गर्नुभयो ।

राजदूत वाल्ट्जले टापुका पर्यटक गन्तव्यहरूको सन्दर्भको जवाफमा विदेशमन्त्री रोड्रिग्वेज पेरिलाले पनि अमेरिकी नागरिकहरूलाई क्युवामा स्वतन्त्र रूपमा यात्रा गर्न अनुमति दिनुपर्ने माग गर्नुभयो ।

पोडियममा वाल्ट्जले के 'बिर्से' ?

संयुक्त राष्ट्र सङ्घको महासभामा मङ्गलबार छलफल भइरहेको केन्द्रीय मुद्दाबाट ध्यान हटाउन संयुक्त राष्ट्रसङ्घको सर्वोच्च प्रशासकीय निकायको मञ्च वाशिङटनले पुन: एकपटक आफ्नो कब्जामा लिएको छ ।

नाकाबन्दीको अस्तित्व स्पष्ट र निर्विवाद छ, दुवै क्युवा भित्र र बाहिर बस्नेहरूका लागि । यो एक ज्ञात तथ्य हो जसले तेस्रो देशहरूलाई असर गर्छ, त्यसैले अमेरिकासँग यसलाई अस्वीकार गर्ने कुनै तर्क छैन । यो वास्तविकताबाट अन्तर्राष्ट्रिय समुदायको ध्यान हटाउन प्रयास गरिरहेको छ ।

संयुक्त राष्ट्र सङ्घको मञ्च हवाइट हाउस र यसका प्रतिनिधिहरूको कूटनीतिक उपकरणमा परिवर्तन भएको छ । सार्वभौम

बाँकी पृष्ठ ८ मा

कार्यकर्ताहरू सचेत र चनाखो हुनुपर्छ

काठमाडौँ, ११ कार्तिक । हरेक राजनीतिक कार्यकर्ताहरू नि:स्वार्थी, इमानदार, देशभक्त तथा देश र जनताप्रति समर्पित हुनुपर्छ । जनताको दु:ख सुख बुझ्न जनतामाझ पुग्नुपर्छ; सङ्घर्ष र आन्दोलनमा भाग लिनुपर्छ । उनीहरूलाई देश र जनताको पक्षमा हुने हरेक आन्दोलनमा जनताको सहभागिता जनाउन देश विदेशको आन्दोलन, राजनीतिक स्थिति र जनताको समस्याबारे सुसूचित पार्नुपर्छ, जागरुक बनाउनुपर्छ । सर्वसाधारण जनतालाई सिद्धान्तनिष्ठ, विचारबाट सुसूचित बनाउन कार्यकर्ताहरू बस्ती बस्ती र घर आँगनमा पुग्नुपर्छ । यसरी नै कार्यकर्ताहरू एक एक पाइला गरेर पोख्त हुन्छन् । कार्यकर्ताहरू साथीभाइमाझ चिया गफमा समय बिताउनुभन्दा देशको आवश्यकता के हो, जनताको समस्या के हो भन्नेबारे सुसूचित पार्नुपर्छ । यसका लागि कार्यकर्ताहरूले साम्यवादी समाज, समाजवादी समाज र पुँजीवादी समाजको स्थितिबारे जनतालाई अवगत गराउनुपर्छ । कम्युनिस्टको तत्कालीन र दीर्घकालीन उद्देश्यबारे स्पष्ट पार्नुपर्छ । शोषणरहित समाज, आदर्शोन्मुख समाजबारे कार्यकर्ताहरू पनि सुसूचित हुनुपर्छ र तद्नुसार जनतालाई सचेत पार्नुपर्छ ।

कम्युनिस्ट पार्टीको उद्देश्य शोषणरहित समाज स्थापना गर्नु हो । त्यो समाज स्थापना गर्न ऐतिहासिक युग लाग्छ । त्यो समाज कसैले चाहेर पनि अहिले नै स्थापना सम्भव छैन; सम्भव हुँदैन; कसैले त्यो इच्छा राखेर पूरा हुने पनि होइन । त्यसबारे जनतालाई बताउनुपर्छ । हो, हामीले प्रतिक्रियावादी, पुँजीवादी समाजलाई बदल्नुपर्छ, समाजवाद स्थापना गर्न समाजवादी अभियानमा लाग्नुपर्छ; समाज बदल्न जनताको विचारलाई बदल्नुपर्छ । आदर्शोन्मुख समाज हाम्रो आवश्यकता हो; त्यो समाज जनताको निम्ति हो । तर, त्यो समाज स्थापना गर्न पनि त्यतिकै गाह्रो छ । त्यो देश र जनताको आवश्यकता भए पनि अहिल्यै स्थापना हुँदैन । त्यसको लागि सुझबुझ बनाउने अभियानहरू चलाइरहनु पर्छ; जनतालाई बताइरहनुपर्छ । देशका व्यापक जनता राजनीतिक, वैचारिक र सांस्कृतिक रूपले सुसूचित भएपछि, देश, काल, परिस्थिति र अन्तर्राष्ट्रिय परिवेश मिलेपछि देशमा हुने आन्दोलन र सङ्घर्ष सफल हुन्छ ।

चीनमा क्रान्ति भएको लामो दशक भयो । त्यहाँ अहिले पनि शोषणरहित समाज स्थापना भएको छैन । तर, चिनियाँ सरकार त्यस कार्यमा लागिपरेको छ । त्यसकारण, शोषणरहित समाज स्थापना गर्न त्यति सजिलो छैन । त्यही कारण त्यो समाज स्थापना गर्न ऐतिहासिक युग लाग्छ भनिएको हो । जुन देशमा कम्युनिस्टहरूप्रति जनताको विश्वास बढ्छ; कम्युनिस्टहरू सङ्गठित हुन थाल्छन् त्यहाँ कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलन कमजोर बनाउन, निष्क्रिय बनाउन, कम्युनिस्ट पार्टीमाझ फाटो ल्याउन अनेक षड्यन्त्र गर्छन्; नक्कली कम्युनिस्ट पार्टी खडा गर्छन् । यो विश्व कम्युनिस्ट पार्टी र आन्दोलनमा हुँदै आएको घटना हो । त्यसरी नै नेपालको कम्युनिस्ट पार्टीलाई कमजोर बनाउन देशका विदेशी दलाल, साम्राज्यवादी, विस्तारवादी शक्ति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू लागिरहेका छन् । ती संस्थाहरूले चाल पाइकन या नपाइकन गुप्तचरहरू खेलाइरहेका हुन्छन् । हेर्दा ऊ साथीजस्तो हुन्छ; साथीको व्यवहार गरिएको हुन्छ । तर, उसले गुप्तचरी काम गरिरहेको हुन्छ । यसबारे कार्यकर्ताहरू सचेत र सतर्क हुनुपर्छ ।

कम्युनिस्ट पार्टी बलियो हुन्छ, कम्युनिस्ट पार्टीको प्रभाव बढ्छ; कम्युनिस्ट पार्टीको सरकार आउँछ भनेरै शत्रुले नक्कली कम्युनिस्ट पार्टी खडा गर्छ; कम्युनिस्ट नेताहरूलाई अनेक मुद्दा राखेर थुन्छ; जेलमा कोच्छ । कति जेलमै कम्युनिस्ट नेताहरू मरेका छन्; मारिएका

बाँकी पृष्ठ ८ मा

देशको अवस्थाबारे उब्जिएका प्रश्न

- नेपालको पूर्वी भागभन्दा पश्चिमी भाग तुलनात्मक रूपले विकासमा पछाडि पारिएको सार्वजनिक भइरहेकै विषय हो । यही बेला सुदूरपश्चिम सरकारले जनताका स्वास्थ्यमा पाँच करोड रूपैयाँ र पर्यटन विकासको नाममा मन्दिरमा सवा अर्ब रूपैयाँ विनियोजन गरिएको बाहिरियो । कुनै पनि सरकारले शिक्षा र स्वास्थ्यमा अधिक खर्च गरेमात्र देश विकास हुने हो । केही समयअघि शिक्षामा चीनले ८७ हजार करोड लगानी गर्दा भारतले २ हजार करोडमात्र लगानी गरेको बाहिरियो । परिणाम भारतभन्दा चीन २० वर्षले अगाडि पुगेको र अब भारतले भेट्टाउन नसक्ने सार्वजनिक भयो । सुदूरपश्चिम प्रदेशको सरकार कुन पार्टीको हो ? किन जनस्वास्थ्यलाई बेवास्ता गरियो ? के नेपाली जनता यस्ता विकृतिलाई टुलुटुलु हेरेर बस्न मिल्छ ?
- बाजुराको बार्जुगाड खोलामा १० वर्ष लगाएर पुल निर्माण गरिएको महिनौँ हुँदा पनि सञ्चालनमा नल्याइएको स्थानीय जनताको गुनासो सार्वजनिक भयो । जुम्लामा पनि ठाउँ-ठाउँमा पुल बनेको वर्षौं हुँदा पनि सञ्चालनमा ल्याइएनन् । देशको अन्य भागमा पनि यस्तै अवस्था छ । निर्माण ठेकेदारहरूलाई योजना ढिलासुस्तीको निहुँमा कालोसूचीमा पनि राखिन्छ । तर, योजना समयमा सम्पन्न नहुने, समयमा नापनक्सा नटुङ्गिने, अनुगमन र निर्देशन नहुने आदि कारण पनि ढिलासुस्ती भइरहेको ठेकेदारहरूको गुनासो हो । सारमा, सरकार र ठेकेदारहरूबिचको मिलिमतोबिना भ्रष्टाचार कसरी होला ? यसबारे अख्तियार प्रमुखले सार्वजनिक लेखा समितिको बैठकमा रास्वपाको सरकारमा पनि 'विचौलिया हाबी भएको' बताएकै हुन् । पुराना र नयाँ सरकार 'एकै ड्याङका मुला' भएकैले निर्माणमा ढिलासुस्ती र भ्रष्टाचार भएको किन होइन ?

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १५७

संवैधानिक आयोगहरूको स्वतन्त्रता र प्रभावकारिता :

संविधानमा व्यवस्था भएका आयोग तथा निकायहरू नै संवैधानिक निकायहरू हुन् । नेपालको संविधानले राज्यका निकायहरूले आफुलाई प्राप्त जिम्मेवारी पूरा गरे नगरेको निगरानी गर्न र अख्तियार दुरुपयोग गरे आवश्यक कारवाही गर्न वा सिफारिस गर्न १३ ओटा संवैधानिक आयोगहरूको व्यवस्था गरेको छ ।

संवैधानिक आयोगहरूमा देखिएका समस्या :

संवैधानिक निकायमा हुने नियुक्तिमा सरकारी तथा राजनीतिक प्रभाव रहनुका साथै कुनै पनि प्रतिस्पर्धात्मक परीक्षा प्रणाली अवलम्बन नगरी राजनीतिक दलको तर्फबाट भागबण्डामा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गरिँदा प्रभावकारी, स्वतन्त्र र तटस्थ कार्य सम्पादन हुन नसकेको देखिन्छ ।

संवैधानिक निकायहरूमा कार्यरत कर्मचारी विशिष्टिकृत नगरिँदा स्वार्थ बाझिनुका साथै कार्य प्रक्रियामा समेत प्रभावकारिता नभएको देखिन्छ ।

नेपालको संविधानमा बिनाअध्ययन राजनैतिक स्वार्थको लागि धेरै सङ्ख्यामा संवैधानिक निकायहरूको व्यवस्था भएको देखिन्छ । यस्ता केही आयोगहरूको जिम्मेवारी नै स्पष्ट छैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार धेरै छ । विशेष र नीतिगत भ्रष्टाचार न्यूनीकरणमा मात्र आयोगलाई केन्द्रित गर्न नसक्नुले भ्रष्टाचारको व्यापकतामा न्यूनीकरण हुन सकिरहेको छैन ।

सुधारको लागि सुझाव :

संवैधानिक आयोगमा नेतृत्वको नियुक्ति लोकसेवा आयोग र सुशासन आयोगको संयुक्त परीक्षा प्रणालीअन्तर्गत निश्चित मापदण्डको आधारमा प्रतिस्पर्धात्मक रूपमा हुनुपर्दछ ।

सबै संवैधानिक आयोगहरूलाई ज्ञान, सिप, प्रविधि र स्वतन्त्र रूपमा काम गर्ने गरी विशिष्टिकृत गर्नुपर्दछ । संवैधानिक आयोगमा मात्र काम गर्ने छुट्टै कर्मचारी सेवा बनाइनु पर्दछ । आयोगको उद्देश्य र कामबमोजिम तालिमको व्यवस्थासमेत गरिनुपर्दछ ।

संवैधानिक परिषद र संवैधानिक आयोगहरूलाई दलीय भागबण्डाबाट बाहिर राख्नुपर्दछ ।

संवैधानिक आयोगको लागि आवश्यक बजेट संसद्मा छुट्टै छलफल गरी कार्यक्रमको आधारमा पारित गरिनुपर्दछ । बिनाकार्यक्रम यति उति प्रतिशत बजेट भनी माग गर्ने र दिने प्रकृया ठिक होइन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार विशेष र नीतिगत भ्रष्टाचार न्यूनीकरणमा केन्द्रित गर्नुपर्दछ । दैनिक प्रशासनिक तहमा हुने भ्रष्टाचार, अनुचित कार्य र सुधारात्मक

बाँकी पृष्ठ २ मा

व्यङ्ग्यचित्रको कुनो





उपभोक्ताको प्रतिक्षामा व्यापारी

काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-९ स्थित पलाञ्चोक भगवती मन्दिर परिसरमा स्थानीयले राखेको बजार । उनीहरूले पलाञ्चोक क्षेत्रमा उत्पादित तरकारीलगायतका 'रैथाने बाली' पनि बिक्री गर्न राखेका छन् । *तस्बिर: राजकुमार पराजुली/रासस*

अग्रज कार्यकर्ता शाहीको श्रद्धाञ्जली सभा



दैलेख, ११ कार्तिक । वि.सं २०५४ सालको स्थानीय निर्वाचनमा बिन्द्रासैनी नगरपालिका-१ का निर्वाचित वडाध्यक्ष एवं नेपाल मजदुर किसान पार्टीका अग्रज कार्यकर्ता भद्रबहादुर शाहीको दसौँ दिनको पुण्यतिथीमा स्मृति तथा श्रद्धाञ्जली सभा सोमबार सम्पन्न भयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले भद्रबहादुर शाही पार्टीका निष्ठावान् कार्यकर्ता भएको चर्चा गर्दै असल कार्यकर्तालाई पार्टीले सधैँ सम्झिरहने छ भन्नुभयो ।

पार्टीको निर्देशन पालना गर्दै अनुशासित भएर लाग्नु नै असल कार्यकर्ताको पहिचान भएको धारणा राख्दै उहाँले कार्यकर्ताहरू अध्ययनशील हुनु जरुरी रहेको बताउनुभयो ।

सभामा नेमकिपा दैलेखका अध्यक्ष खगेन्द्रबहादुर शाही, इन्द्रप्रसाद चौलागाईं, लवराज ढकाल, जोगी शाही, कृष्णबहादुर शाही, दीपक शाहीलगायत परिवारजनले भद्रबहादुर शाहीप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो ।

ताई ची अभ्यासमा एकरूपता र अनुशासन कायम गर्नुपर्नेमा जोड



भक्तपुर, ११ कार्तिक । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उमेरअनुसार विस्तारै र नियमित रूपमा गरिने व्यायाम शरीरका लागि लाभदायी हुने बताउँदै ताई ची अभ्यास गर्दा एकरूपता र अनुशासन कायम हुनेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालित ताई चीको अभ्यास तथा प्रदर्शनी कार्यक्रममा बोल्दै उहाँले प्रशिक्षार्थीहरूले प्रस्तुत गरेको ताई ची प्रदर्शन राम्रो रहेको उल्लेख गर्दै हालको अभ्यास पूर्वाभ्यास मात्र भएको बताउनुभयो ।

आगामी दिनमा अझ राम्रो र व्यवस्थित प्रदर्शन गर्न सबै प्रशिक्षार्थीले आपसी समन्वय, एकरूपता र नियमित अभ्यासमा ध्यान दिनुपर्ने उहाँको भनाइ थियो ।

ताई चीले शारीरिक स्वास्थ्य र तन्दुरुस्ती कायम राख्न सहयोग पुऱ्याउने भएकोले यसको अभ्यासलाई निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले प्रशिक्षार्थीहरूलाई टी-सर्ट वितरण गर्नुभएको थियो ।

सेवा निवृत्त शिक्षक सुन्दरमानको स्वास्थ्यलाभको कामना



भक्तपुर, ११ कार्तिक । सेवा निवृत्त शिक्षक समाज, भक्तपुरले समाजका संस्थापकमध्येका एक सुन्दरमान शाक्यलाई सुस्वास्थ्यको कामनासहित नगद रू. २० हजार प्रदान गरेको छ । समाजका अध्यक्ष अम्बिकामान मानन्धरसहित समाजका सदस्यहरूको एक टोली उपचाररत समाजप्रति कर्तव्यनिष्ठ पूर्वशिक्षक शाक्यको निवासै पुगी स्वास्थ्यलाभको कामना गरेको हो ।

हंसवाहिनी आधारभूत विद्यालय, महालक्ष्मीस्थान भक्तपुरका पूर्वशिक्षक शाक्य विगत लामो समयदेखि अस्वस्थ भई निवासमै उपचाररत हुनुहुन्छ ।

'ब्लड बैक'मा रगतको मौज्दात सकियो रक्तदान गरौँ : नेपाल रेडक्रस

कठमाडौँ, ११ कार्तिक । ब्लड बैकमा रगतको मौज्दात सकिएपछि नेपाल रेडक्रस सोसाइटीले रक्तदानका लागि रक्तदातालाई विशेष आग्रह गरेका छ । बडादसैँको बिदा भएसँगै केन्द्रीय रक्तसञ्चार सेवामा रक्तदान कार्यक्रमहरू कमभएका र अस्पतालमा उपचारार्थ बिरामीका लागि आवश्यक रगतको माग दिनानुदिन उच्च हुँदै गइरहेकाले नेपाल रेडक्रसले आम रक्तदानका लागि विशेष अनुरोध गरेको हो ।

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित केन्द्रीय रक्तसञ्चार सेवाका प्रमुख डा. प्रकाश यादवले भन्नुभयो "रक्तसञ्चार केन्द्रमा सम्पूर्ण ग्रुपको होल ब्लड, प्याक्ट रेड ब्लड सेल (पिआरबीसी र (पिआरपी) को मौज्दात सकिएको छ । यसले गर्दा बिरामीका लागि आवश्यक रगतको व्यवस्थापनका लागि कठिनाइ भएको छ ।" उहाँले रक्तदान गरेको तीन महिना पुगेका स्वयंसेवी रक्तदाता तथा १८ वर्ष उमेर पूरा भएका स्वस्थ युवायुवतीलाई रक्तदान गर्न अनुरोध गर्नुभएको छ ।

चाडपर्वका कारण कार्यालय तथा शैक्षिक संस्थामा भएको बिदाका कारण रक्तदानका कार्यक्रममा कमी आएकाले रगतको सहज व्यवस्थापनमा कठिनाइ भएको जनाउँदै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा. विशालकुमार भण्डारीले स्वयंसेवी रक्तदाता तथा सङ्घसंस्थालाई रक्तदानका लागि आह्वान गर्नुभएको छ ।

नेपाल रेडक्रस सोसाइटीले ७३ जिल्लाका १२० स्थानबाट रक्त सञ्चार सेवा केन्द्र तथा एकाइहरूमार्फत सेवा सञ्चालन गरिरहेको महामन्त्री ऋषि खनालले जानकारी दिनुभयो । बिरामीका लागि रगत आवश्यक भएमा वा रक्तदानका लागि केन्द्रीय रक्तसञ्चार सेवाको फोन नं ०१५३८८४८५, ०१५३८८४८६ वा नेपाल रेडक्रसको निःशुल्क हटलाइन सेवा ११३० मा सम्पर्क गर्न सकिने रेडक्रसले जनाएको छ ।

साथै आफ्नो मोबाइलको प्लेस्टोरमा गएर (एनआरसीएस बिटीएस)मा गएर पनि रक्तसञ्चारका बारेमा जानकारी लिनका लागि नेपाल रेडक्रस सोसाइटीले अनुरोध गरेको छ ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष **नारायणमान बिजुक्छेँ** (रोहित)ज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा मिति **२०८३ कार्तिक १३ गतेदेखि १८ गतेसम्म** हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद (टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खो खो, एथलेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, जिम्नास्टिक, पोर्टबल, कसिमला पाँय् र बाघचाल) प्रतियोगिताको च्यालीसहित उद्घाटन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण नगरवासीहरू, विद्यालयहरू, टिम, क्लब, पुस्तकालय, सङ्घ संस्थालगायत खेलप्रेमीहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

कार्यक्रम

मिति : २०८३ कार्तिक १३ गते, शुक्रबार
च्याली सुरु हुने समय : बिहान ९:३० बजे
स्थान : भ.न.पा. वडा ९ दत्तात्रयबाट गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै सहीद स्मृति खेल मैदान
उद्घाटन हुने समय : बिहान ११:०० बजे
उद्घाटन हुने स्थान : सहीद स्मृति खेल मैदान, भ.न.पा. २

कार्की...

पृष्ठपोषणका कार्यहरू सुशासन आयोगले गर्ने व्यवस्था गर्नुपर्दछ ।

सार्वजनिक सेवा प्रवाह :

राज्यको तर्फबाट जनतालाई दिने सेवा नै सार्वजनिक सेवा हो । हाल सरकारप्रति देखिएको जनअसन्तुष्टिको एउटा कारण सार्वजनिक सेवा प्रवाहमा हुने झन्झट, मौलाउँदो भ्रष्टाचार र कर्मचारीहरूको कामचोर प्रवृति रहेको देखिन्छ ।

सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्या :

दैनिक सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा मिलिमतो, घुस, रिसवतजस्ता गैरकानुनी क्रियाकलाप हुनु, अमुक व्यक्ति र समूह सेवा किनबेचमा संलग्न हुनु, कमिशन प्रथालगायतको कारण सार्वजनिक सेवा प्रवाह र प्रशासनप्रति जनविश्वास घट्दै गएको हो ।

परम्परागत कार्यशैलीका साथै प्रशासकहरू कानुनको अनभिज्ञ रहँदा र लाभको आधारमा मात्र कार्यसम्पादन गर्ने प्रवृत्तिले कानुन पालनामा उदासीनता रहेको देखिन्छ ।

तीन तहका सरकारबिच अझै पनि स्पष्ट प्रशासनिक कार्य विभाजन हुन नसकी काममा दोहोरोपना देखिएको छ । यसैगरी अन्तरनिकायगत दोहोरोपना समेत समस्याको रूपमा रहेको छ ।

नागरिकलाई दिनुपर्ने सेवा तोकिएको संस्थाबाट तोकिएको जिम्मेवार पदाधिकारिद्वारा दिनुपर्ने हुन्छ । यद्यपि स्पष्ट कार्यविभाजनको अभाव दण्ड र पुरस्कार प्रणालीप्रति उदासीनता जस्ता विषयले सार्वजनिक सेवा प्रवाहमा जिम्मेवारी पन्छाउने प्रवृत्ति हावी छ । यस्तो प्रवृत्तिले जनअपेक्षाबमोजिमको सेवा प्रवाह हुन सकेको छैन ।

संहिताबद्ध कानुनको अभाव, एकीकृत सेवा वितरण मापदण्ड नहुनु, नागरिक बडापत्र देखाउने फोटोमा मात्र सीमित रहनु, सेवा प्राप्तिमा कागजी सङ्कलन गर्नुपर्ने बाध्यता साथै सङ्गठन संरचना सेवामुखी नहुनुजस्ता झन्झटिलो कार्य प्रक्रिया सार्वजनिक सेवा प्रवाहका समस्याहरू हुन् ।

राजनीतिक नेतृत्वले कानुनबमोजिम आदेश दिने कर्मचारीले कार्यान्वयन गर्ने र पछि कुनै समस्या आए कर्मचारीमात्र फस्ने राजनीतिक नेतृत्व चोखिने अवस्था छ । ठुला भ्रष्टाचार र अनियमितताको काम राजनीतिक नेतृत्वको जानकारी वा आशीर्वादबिना हुन कठिन छ ।

निजामती कर्मचारी प्रशासन, सार्वजनिक संस्थानलगायतका सार्वजनिक सेवा प्रवाह गर्ने संयन्त्रमा दलीय ट्रेड युनियनको व्यवस्था कानुनबमोजिम नै स्थापित रहँदा स्पष्ट प्रत्यक्ष राजनैतिक हस्तक्षेप देखिन्छ । तसर्थ, पेशागत हक र हितको लागि मात्र सरकारी निकायमा कुनै नामको एक मात्र स्वतन्त्र कर्मचारी सङ्गठनको अधिकार दिनुपर्दछ । कारखानामा जस्तो ट्रेड युनियन होइन ।

बाँकेमा कालानमक धानको संरक्षण गरिँदै

बाँके, ११ कार्तिक । सुगन्धित र स्वादिलो कालानमक जातको धानको बाँकेमा संरक्षण गर्न थालिएको छ ।

परम्परागत कालानमक धानको जात हराउँदै गएको भन्दै यहाँका किसानले जिल्लाका कतिपय स्थानमा यसको व्यावसायिक खेती गर्न थालेका छन् । जिल्लाको जानकी गाउँपालिका-३ स्थित दीपाकुमारी काँदु गुप्ताले सुरुमा दुई कट्ठामा लगाएको कालानमक जातको धान अहिले १० कट्ठा जमिनमा लगाउनुभएको छ ।

उहाँले सो धान महँगो मूल्यमा बिक्री हुने भएकाले यस धानप्रतिको आर्कषण बढ्दै गएको जानकारी दिँदै अधिकांश किसानले सो धान लगाउन थालेको बताउनुभयो । "अर्को कुनै हाइब्रिड जातको धान प्रतिक्विन्टल रु. तीन हजार देखि तीन हजार २०० मूल्यमा बिक्री हुन्छ तर कालानमक जातको धान रु. १२ हजार क्विन्टलमा बिक्री हुन्छ", किसान गुप्ताले भन्नुभयो ।

सो धानको चामलबाट बनाइएको भात मुलायम र सुगन्धित हुने जानकारी दिँदै उहाँले भन्नुभयो, "अन्य हाइब्रिड जातका धानभन्दा यसको उत्पादन केही घट्छ तर यो महँगो मूल्यमा बिक्री हुन्छ", कालानमक धानको बजार स्थानीय बजार नै रहेको र यसको माग पनि बढ्दै गएको उल्लेख गर्दै कालानमक धानको व्यावसायिक खेती गर्न थालिएको जानकारी दिनुभयो ।

यस धानको लागि पर्याप्त सिँचाइ र पानी उपलब्ध हुनुपर्छ । यो धान असारमा रोपेपछि कार्तिकको अन्तिम साता मात्रै काट्न तयार हुन्छ ।

मसिनो र बास्नादार मानिने यो धान कालो भएकाले यसलाई कालानमक भनिएको भनाइ छ । यो धान करिब १४० दिनमा तयार हुने बताइएको छ । कृषि ज्ञान केन्द्र, नेपालगन्जका प्रमुख डा. विनोद घिमिरेले रैथाने बाली संरक्षण तथा प्रवर्द्धन कार्यक्रमअन्तर्गत यसको संरक्षणमा जोड दिइएको उल्लेख गर्दै किसानले मूल्य पाउने भएकाले पनि यसको खेती भइरहेको बताउनुभयो ।

उहाँले केही सीमित किसानले कालानमक धानको खेती गरेकाले बीउमा सहयोग गरिएको जानकारी दिँदै बजार क्षेत्रमा यसको माग बढ्दै गएको बताउनुभयो । बाँकेको कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिपालिकामा सबैभन्दा बढी कालानमक धानको खेती हुँदै आएको छ ।



तरकारी ओसार्न तुइनको सहायता

गत भदौ १० गतेको भोटेकोसी बाढीले सडक सञ्जाल भत्किएपछि रसुवाको आमाछोदिङमो गाउँपालिका-३ गत्लाङबाट तुइनको सहायताले बन्दालाई स्याफ्रुबेसीतर्फ तार्दै स्थानीय । *तस्बिर: सरस्वती न्यौपाने/रासस*

किसानलाई जै घाँसको बीउ वितरण

बनेपा (काभ्रे), ११ कार्तिक । रविओपीस्थित देउराली दुग्ध उत्पादक सहकारी संस्था र सेतीदेवी दुग्ध उत्पादक सहकारी संस्थामार्फत किसानलाई मङ्गलबार हिउँदे जै घाँसको बीउ वितरण गरिएको छ ।

पशु सेवा कार्यालय, काभ्रेपलाञ्चोकले दुवै सहकारी संस्थाका किसानलाई ५०० किलोग्राम जै घाँसको बीउ वितरण गरेको हो । सेतीदेवी दुग्ध उत्पादक सहकारीलाई ३०० र देउराली दुग्ध उत्पादक सहकारीलाई २०० किलोग्राम बीउ उपलब्ध गराइएको छ । किसानलाई प्रतिव्यक्ति पाँच किलोग्रामका दरले बीउ वितरण गरिएको हो ।

किसानको मागअनुसार बीउ वितरण गरिने उल्लेख गर्दै उहाँले आवश्यक परे सहकारीले थप बीउ खरिद गरेर पनि किसानलाई वितरण गर्न सकिने जनाइएको छ ।

दूध उत्पादनका लागि पशुपालन गर्दै आएका किसानलाई हिउँदमा हरियो घाँसको अभाव हुन नदिन बीउ वितरण गरिएको हो ।

जै घाँसबाट एकै सिजनमा तीनदेखि चारपटकसम्म उत्पादन लिन सकिने भएकाले पशुलाई हरियो तथा पोषणयुक्त आहारा उपलब्ध गराउन र दूध उत्पादन बढाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

असोज-कार्तिक जै घाँस लगाउन उपयुक्त समय हो । प्रोटिनयुक्त जै घाँसले पशुको पोषणमा सुधार ल्याउनुका साथै दूध उत्पादन बढाउन सहयोग पुग्ने भएकाले किसानलाई प्रत्येक वर्ष यसको खेती गर्न सुझाव दिएइको छ ।

सहकारीमार्फत दैनिक दूध बिक्री गर्ने किसानको सङ्ख्या करिब ६०० रहेकोले कार्यालयबाट प्राप्त बीउ सबै किसानलाई वितरण गर्न पर्याप्त नभएको पनि जनाइएको छ ।

चाडपर्व नजिकिँदै जाँदा माटो र बाँसको सामग्रीको माग बढ्यो

सप्तरी, ११ कार्तिक । राजविराज बजारमा माटो र बाँसले बनाएको सामग्रीको भाँडाकुँडा तथा अन्य सामग्रीको व्यपार बढेको छ ।

तिहार, छठजस्ता चाडपर्व नजिकिँदै जाँदा यहाँ भक्तजनहरूले अनिवार्य उक्त प्रकारका सामग्री खोजीखोजी खरिद गर्ने भएका कारण माग बढेको हो ।

तिहारमा प्रयोग गरिने माटोको दियो, कलश, घैला तथा छठपर्वमा प्रयोग गरिने बाँसको कोनिया, नाङ्लो, ढाकीलगायतका सामग्रीको माग दसैँपछि बढेको स्थानीय व्यापारी बुचनीदेवी साहले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बाँसले बनाएको सामग्री बेचेको एक दशक भयो । अन्य समयमा ठिकठिकै व्यापार भए पनि दसैँदेखि छठसम्म राम्रो व्यापार हुँदै आएको छ । अन्य सिजनमा दिनको एक हजारको हाराहारीमा व्यापार हुँदै आए पनि दसैँदेखि तिहारसम्म दोब्बर व्यापार हुँदै आएको उहाँले बताउनुभयो । विवाह व्रतबन्ध, मृत्यु संस्कार घरमा लगाइने पूजाबाहेकमा माटो र बाँसका सामग्री आवश्यकता नपर्ने हुनाले किन्नुपर्ने बाध्यता छैन ।

तर, तिहार र छठ मधेसमा सबैले अनिवार्य मनाउने हुनाले किन्नैपर्ने बाध्यता हुन्छ । मधेसको हरेक चाडपर्व तथा पूजामा माटोका भाँडा र बाँसका सामग्री नभई नहुने हुनाले यो सिजनमा उक्त सामग्रीको व्यावसायिक कारोबार बढ्ने गर्दछ ।

जिल्लाको विभिन्न पालिकामा बसोबास गर्ने स्थानीय कुमालले बनाएको माटोका र मरिक (डोम) समुदायले बनाएको बाँसका सामग्रीले बजार लिएपछि स्थानीयस्तरको लगानी स्थानीयस्तरमै रहने सकारात्मक रहेको राजविराज नगरपालिकाका प्रमुख इसरत परविनले बताउनुभयो ।

उहाँले माटो र बाँसबाट निर्माण गरिएका सामग्री स्थानीयले आफ्नै ठाउँमा खरिदबिक्री गर्नु सकारात्मक पक्ष रहेको बताउनुभयो । बाँस र माटोका सामग्री खरिदबिक्री गर्न जिल्लावासीले अन्य जिल्लाको भर पर्नुपरेको छैन ।

कृषि अनुसन्धान र प्रविधि हस्तान्तरण सम्झौता

जनकपुरधाम, ११ कार्तिक । मधेस प्रदेशमा कृषि अनुसन्धान, प्रविधि हस्तान्तरण तथा आर्थिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले मधेस कृषि विश्वविद्यालय र पिस कोर नेपालबिच समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

विश्वविद्यालयका उपकुलपति वैद्यनाथ महतो र पिस कोर नेपालका राष्ट्रिय निर्देशक डा. किम्याह नजिउल्लाहले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो ।

समझदारीले कृषि अनुसन्धानलाई व्यावहारिक प्रयोगमा रूपान्तरण, कृषक समुदायसम्म आधुनिक प्रविधिको पहुँच विस्तार तथा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

हस्ताक्षर कार्यक्रममा मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले विश्वविद्यालयलाई जलवायु परिवर्तनका चुनौती सामना गर्न सक्ने कृषि प्रणाली, बाली विविधिकरण, पशुपालन, मत्स्य विकास तथा खाद्य सुरक्षासम्बन्धी व्यावहारिक अनुसन्धान गर्ने अग्रणी राष्ट्रिय केन्द्रका रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

उहाँले विश्वविद्यालयबाट प्राप्त अनुसन्धान तथा प्राविधिक ज्ञान कृषक समुदाय र विद्यालयसम्म पुर्याउनुपर्नेमा जोड दिँदै अनुसन्धानका उपलब्धिलाई खेतबारीमा प्रयोग गर्न सकेमात्रै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने बताउनुभयो ।

अर्थमन्त्री भट्टराईले विश्वविद्यालय र पिस कोर नेपालबिचको सहकार्य सम्झौतामामात्रै सीमित नभई कृषि उद्यमशीलता प्रवर्द्धन, कृषक परिवारको आयआर्जनमा सुधार, पोषणको स्तर वृद्धि तथा कृषि क्षेत्रमा युवाको सहभागिता बढाउनेतर्फ केन्द्रित हुनुपर्ने बताउनुभयो ।

सम्भावित अर्नव चक्रवात : उच्च सतर्कता अपनाउन टानको आग्रह

काठमाडौँ, ११ कार्तिक । पर्वतीय पर्यटन व्यवसायीहरूको छाता संस्था ट्रेकिङ एजेन्सीज् एसोसिएसन अफ नेपाल (टान) ले अर्नव चक्रवातबाट हुनसक्ने प्रभावबाट उच्च सतर्कता अपनाउन पथप्रदर्शक, पदयात्री र पर्यटकलाई आग्रह गरेको छ ।

टानले एक सूचना जारी गरी बङ्गालको खाडीमा विकसित भएको 'अर्नव चक्रवात'का कारण नेपालमा पर्न सक्ने प्रभावबाट उच्च सतर्कता अपनाउन सदस्य कम्पनी, पदयात्री तथा पर्यटकलाई आग्रह गरेको हो ।

टानले जल तथा मौसम विज्ञान विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सूचना अनुसार उक्त चक्रवात कार्तिक ११ गते भारतको जमिन भूभागमा प्रवेश गरी कार्तिक १२ गते रातिबाट नेपालमा समेत प्रभाव सुरु हुने भन्दै सतर्कता अपनाउन भनेको छ ।

यही कार्तिक १३ र १४ गते चक्रवातको प्रभावका कारण तराई, चुरे तथा मध्यपहाडी क्षेत्रका विभिन्न भागमा चट्याङ, हुरीबताससहित मध्यमदेखि भारी वर्षा र उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको उच्च जोखिम रहेको छ ।

टानले सम्भावित चक्रवातका कारण पर्न सक्ने प्रभावबारे आफ्ना गाइड, सहयोगी र पर्यटकलाई समयमै जानकारी गराएर सोहीअनुसारको पूर्वतयारीको प्रबन्ध मिलाउन आग्रह गरेको छ ।

यस्तै, मौसमसम्बन्धी जानकारीका लागि १११५ वा विपद्मा महत माग ०१२३४ वा १०० वा १११४ मा सम्पर्क गर्न सकिने बताएको छ । कार्तिक १३ र १४ गत आधार शिविर (जस्तै: घोराड, लार्के, काङ्ला, सारीबुँद, छोला, सूर्यकुण्डलगायतका) र उच्च क्षेत्रका पर्यटकीय गन्तव्य (तिलिचोलगायतका) बाट सुरक्षित स्थानमा पुग्न र कार्तिक १२ बाटै सो क्षेत्रतर्फको पदयात्रा रोकी सुरक्षित क्षेत्रमा नै बस्ने व्यवस्था मिलाउन आग्रह गरेको छ ।

पर्वतारोहणका लागि आधार शिविर जाने क्रममा रहेका सदस्य तथा सहयोगीलाई आगामी शुक्रबार र शनिबारसम्मका लागि आफ्नो यात्रा रोक्न वा सुरक्षित स्थानमा बस्ने व्यवस्था मिलाउन भनिएको छ । यस्तै, मध्य तथा उच्चपहाडी क्षेत्र तथा नदीतटीय क्षेत्र भएर पदयात्रा गर्दा बाढीको जोखिम भएका खोला तथा नदी आसपासका क्षेत्र र पहिरो संवेदनशील क्षेत्रमा नबस्न र हिँडडुल नगर्न आग्रह गरेको छ ।

टानका अध्यक्ष सँगर पाण्डेले बाढी तथा पहिरोका कारण अस्थायी रूपमा मर्मतसम्भार गरी पदयात्राका लागि प्रयोगमा ल्याइएका मनास्लु क्षेत्रका तातोपानी, खोर्लाबेँसी, जगत, सोला, नामरुङलगायतका क्षेत्र, मनाङ क्षेत्रको खोत्रो, कोटो, चामेलगायतका क्षेत्र, म्याग्दी तथा मुस्ताङ क्षेत्रको पोखरेलगायतका क्षेत्रमा रहेका सडक मार्ग, पदमार्ग तथा अस्थायी पुल भएर यात्रा गर्दा विशेष सावधानी अपनाउन आग्रह गर्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
ख्वप टेलिभिजन
अन्तर्वार्ता सम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **ख्वप टेलिभिजन**का लागि आवश्यक जनशक्ति सेवा करारमा लिनेसम्बन्धी मिति २०८३/०६/१५ गते 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशित भएबमोजिम तपसिलबमोजिमको पदमा निवेदन दिएका उम्मेदरवारहरूलाई निम्न मिति, समय र स्थानमा अन्तर्वार्ता सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्तर्वार्तामा सहभागी हुन शैक्षिक योग्यता प्रमाणपत्रलगायतका आवश्यक सक्कल कागजातसहित समयमै उपस्थित हुनुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । अन्य जानकारीका लागि भ.न.पा. को प्रशासन शाखा (सम्पर्क नं. ६६१३९५७) वा ख्वप टेलिभिजन कार्यालय (सम्पर्क नं. ०१-५९२२५३३) मा सम्पर्क राखी प्राप्त गर्नुहुनसमेत सूचित गरिन्छ ।

उम्मेदवारहरूको नामावली

पद : क्यामेरा पर्सन (सहायकस्तर पाँचौं तह)	
पूजा साखकर्मी	भोलाछ्रेँ
सुशील सैँजु	मङ्गलाछ्रेँ
रविन प्रजापति	सूर्यमढी
वसिल त्वायना	सुन्दरबस्ती
सुनिल दुवाल	चोछ्रेँ
रवि साहु तली	धनुषा
स्मीत गिरी	ब्यासी
रुपेश कुसी	दुगुरे

पद : MCR अपरेटर	
विजल सिमाछ्वा	क्वाठण्डौ
इरुशा बासुकला	ब्यासी
रोजिस्मा लघु	ब्यासी
सृजना गोसाई	गोल्मढी

अन्तर्वार्ता
मिति : २०८३/०७/१६ गते, सोमबार
समय : बिहान ८:०० बजेदेखि (क्यामेरा पर्सन)
बिहान ९:०० बजेदेखि (MCR अपरेटर)
स्थान : भ.न.पा. सभाकक्ष

स्वच्छ शहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

। सम्पादकीय ।

के देशभक्त नेपालीले सिंहदरबार जलाउँछन् ?

रसुवाको भोटेकोसी नदीमा हिमपहिरो गएको दुई महिना नाघ्यो । यतिबेला राष्ट्रिय योजना आयोगले नुवाकोट, रसुवा, धादिङ, गोर्खासमेतमा निजी आवास ६९.५७ अर्ब रूपैयाँ र व्यवसायिक र अन्य भवन ९.६० अर्ब रूपैयाँको क्षति भएको प्राथमिक तथ्याङ्क सार्वजनिक गऱ्यो । आयोगले चीनसँगको सिमानामा पूर्वाधार, कृषि, वातावरणीय र सामाजिक क्षेत्रमा भएका क्षतिको विवरण तयार भइरहेको बतायो । सर्वेक्षणअनुसार क्षति भएको ४१५१ भवनमध्ये ३०६७ घरको स्वामित्व पुष्टि भएको छ । रास्वपाले विपत्तिमा सरकार अलमलमा नपर्ने बरु काम गरेर देखाउने दाबी गर्दै आएको हो । हिमपहिरोबाट क्षति भएका निजी घर र अन्य पूर्वाधारको तथ्याङ्क त सम्बन्धित पालिकाको वडाकार्यालयबाट हप्ता दिनमा सङ्कलन हुनसक्थ्यो । तर, रास्वपा सरकार यहाँ पनि चुक्यो ।

रास्वपा सरकारले हेटौँडा कपडा उद्योग पुनः सञ्चालन गर्ने दाबी गऱ्यो । कपडा उद्योगलाई धागो उत्पादन गर्न २०२१ साल जेठ ३ गते स्थापना भएको बुटवल धागो कारखाना २०६६ सालदेखि बन्द छ । बर्दियाको सयौँ बिघामा सरकारको कपास खेती थियो । त्यो अहिले घाँसे मैदानमा परिणत भयो । यतिखेर नेपालबाट धागोको निर्यात व्यापार उल्लेख्य रूपमा बढेको र चालू आ.व.को पहिलो वर्षमा ३ अर्ब ५२ करोड ५८ लाख रूपैयाँको धागो निर्यात भएको सरकारी तथ्याङ्क सार्वजनिक भयो । तर, कपास खेती नेपालमा कहाँ कहाँ छन् खुलाइएन । भारतबाट कपास आयात गरी धागो उत्पादन र निर्यात गर्नु त 'विचौलिया' भूमिका मात्र हो । नेपालको उर्वर भूमि भारतलाई मिच्न लगाउने र खेतीपाती गर्ने युवालाई वैदेशिक रोजगारीमा पठाउने सरकारको कामले देशभित्र कपास खेती कसरी विकास हुन्छ ? निजीले वार्षिक साढे १५ अर्ब रूपैयाँको कपास निर्यात गरेको दाबी गर्ने रास्वपा सरकारले के सिंहदरबार पनि निजीलाई नै सञ्चालन गराउने हो ? होइन भने बर्दियाको कपास खेती पुनः सञ्चालन गर्नु जरुरी छ । यसो गर्न सकेन भने रास्वपा सरकारको औचित्य कसरी होला ?

पैतीस वर्षयता सरकारमा गएका दल र तिनका नेता कार्यकर्ताहरूको प्रवृत्तिमा मौलिक भिन्नता भएन । पुराना र नयाँ दाबी गरेका पार्टीहरूको ध्यान सिंहदरबारमा सयर गर्नुमै सीमित भयो । नेकपा एमालेका एक केन्द्रीय सदस्यले एक दैनिक अखबारमा लेखे - "२०८२ भदौको जेनजी विद्रोह.. एउटा महत्त्वपूर्ण मोड र राजनीतिक नेतृत्वप्रतिको असन्तुष्टिले युवालाई सडकमा उतारेको थियो । आन्दोलनको चर्को दबाबपछि प्रधानमन्त्री ओलीले राजीनामा दिएर सेनाको हेलिकप्टरमार्फत बालुवाटार छोड्नुपरेको थियो ।"

यो भनाइअनुसार एमालेका केन्द्रीय सदस्यहरूमा जेनजी प्रदर्शनबारे स्पष्ट दृष्टिकोण देखिएन । सेनाको सुरक्षाभित्रको सङ्घीय संसद् भवन, सिंहदरबार, बालुवाटार, शीतल निवास के देशभक्त नेपालीबाट आगजनी हुनसक्छ ? अहँ, हुनसक्दैन । संरा अमेरिकी खोज पत्रकार किट क्लारेनवर्गले 'दि ग्रजोन' मा संरा अमेरिकी सरकारको केन्द्रीय गुप्तचर आयोग (सीआईए) अन्तर्गतका निकायहरूमार्फत नेपालमा 'नीति संवाद' को नाममा धेरै अगाडिदेखि २ करोडभन्दा बढी डलर पठाएर गत वर्ष भदौमा उपद्रव गराएको सार्वजनिक भएको हो । यसकारण, एमालेका केपी ओली संरा अमेरिकी साम्राज्यवादसँग डराएर भागेका थिए । ओलीलाई चिलीका राष्ट्रपति ययेन्डेले विदेशी सेनासँग अन्तिम सास रहेसम्म लडेको कसरी थाहा भएन ? ओलीलाई वि.सं. १९९७ सालमा गंगालाल, धर्मभक्त, शुक्रराज र दशरथ चन्दजस्ता सहिदहरूले जहानियाँ राणा शासनअगाडि नुझ्की देश र जनताको लागि बलिदान हुनुभएको कसरी थाहा भएन ? एमालेले जेनजी उपद्रवलाई 'महत्त्वपूर्ण मोड' कसरी भन्न सक्यो ? जेनजीको दबाबमा ओलीले राजीनामा दिएको हो र ? यो विषय ओलीले स्वीकार गरेका हुन् ? ओली राजीनामा दिएर १२ दिन गुमनाम किन भए ? के यो देश र जनताप्रति विश्वासघात होइन ?

राष्ट्रवादको गलत व्याख्या .... !?

● रतन भण्डारी

मुनरो डक्ट्रिनवादी अर्थमन्त्री वाग्लेजीले फेरि दिल्ली पुगेर भारतको विरोधलाई राष्ट्रवाद मान्ने समय सकियो भन्नुभएछ । वाग्लेजी, एउटा गम्भीर प्रश्न छ, भारतको विरोध गर्नु नै राष्ट्रवाद हो भनेर कसले भनेको छ ? कृपया राष्ट्रवादको गलत व्याख्या गरेर नेपालको राष्ट्रिय स्वाभिमान र सार्वभौम अधिकारको पक्षमा उठ्ने आवाजलाई अवमूल्यन नगर्नुहोस् ।

नेपालको अहितमा कुनै पनि मुलुकबाट हुने थिचोमिचो, बलमिचाइ, हैकम, दादागिरी, हस्तक्षेप, सीमा अतिक्रमण र नदीनालामाथिको कब्जाको विरोध गर्नु राष्ट्रवादको सङ्कीर्ण परिभाषा होइन, राष्ट्रिय स्वाभिमान र सार्वभौम अधिकारको रक्षा हो । यो कुनै देशप्रतिको शत्रुता होइन, अन्यायपूर्ण व्यवहार र प्रभुत्ववादी प्रवृत्तिविरुद्धको आवाज हो । देशको विरोध र देशका शासकहरूको गलत नीतिको विरोधबिचको भिन्नता बुझ्नु आवश्यक छ ।

फेरि स्पष्ट पारौँ, यो भारत देशको विरोध होइन । भारतीय जनताको विरोध पनि होइन । यो नेपालमाथि भारतीय शासकहरूले अवलम्बन गर्ने अन्यायपूर्ण नीति, हैकमवादी रवैया, बलमिचाइ, सीमा अतिक्रमण र नदीनालामाथिको कब्जाविरुद्धको आवाज हो । मित्रता भनेको अन्याय सहनु होइन र कूटनीति भनेको राष्ट्रिय हितमा सम्झौता गर्नु होइन ।

जबसम्म नेपालले सीमा अतिक्रमण, अनुचित हस्तक्षेप र प्रभुत्ववादी व्यवहारबाट उन्मुक्ति पाउँदैन, तबसम्म देशभक्त नेपालीले यी प्रश्न उठाइरहनेछन् । व्यक्ति र पद परिवर्तन हुन सक्छन्, सरकारहरू आउन र जान सक्छन् तर नेपालको सार्वभौम अधिकार र राष्ट्रिय स्वाभिमानको पक्षमा उठ्ने आवाज निरन्तर उठिरहनेछ ।

साभार : फेसबुक

नेपाल–भारत सम्बन्धमा देखापरेका गलत समझदारी र सही समाधानका उपायहरू –१

✍ **नारायणमान बिजुक्छेँ (रोहित)**

*(हाल रास्वपा सरकारका जिम्मेवार व्यक्तिहरू तथा मन्त्रीहरूले बिनाअध्ययन र जानकारी नेपाल–भारत सम्बन्धका बारेमा गलत अवधारणा र अभिव्यक्ति दिँदै आएको हुँदा सबै पाठकको लागि नेपाल–भारत सम्बन्धका गलत समझदारीहरू र सही समाधानका उपायहरूको लागि **नारायणमान बिजुक्छेँ (रोहित)** द्वारा लिखित '**नेपाल-भारत सम्बन्ध र भारत**' पुस्तकको खण्ड १ को अध्याय ३ लाई साभार गरिएको छ –सं.)*

नेपाली र भारतीय जनताको सम्बन्ध अति प्राचीन छ । प्रकृतिले यस सम्बन्धलाई अझ बलियो बनाइदिएको छ । दुवै देशका जनता एउटै नदीको पानी पिउँछन् र एउटै हिमालयको काखमा बस्छन् । नेपाली र भारतीय जनताको सामाजिक र सांस्कृतिक सम्बन्ध इतिहास जतिकै पुरानो छ । तर, यथार्थवादी दृष्टिकोणले दुई देशका जनतामाझको यो सम्बन्ध एकपक्षीय मात्रै हो । हरेक वस्तु र समस्याको दुवै पक्ष नै त्यसको सिङ्गो रूप हुन्छ । एकपक्षीय दृष्टिकोणले मात्रै समस्याको सही जानकारी र त्यसको ठीक समाधान हुँदैन । समस्याको राम्रो अध्ययन र त्यसको उचित समाधानको निम्ति दुवै पक्षलाई राम्रोसँग केलाउनु आवश्यक हुन्छ ।

नेपाल र भारतको बिचमा कहिलेकाहीँ देखापर्ने गरेका तिता-पिराहरूबारे भारतका केही जिम्मेवार बुद्धिजीवीवर्ग, प्रचार साधनहरू र नेपालविद्हरूले केही दोषपूर्ण र गलत दृष्टिकोणहरू प्रस्तुत गर्ने गरेका छन् । आत्म-आलोचनाको कमी, विषयवस्तुलाई वस्तुगत र नकारात्मकरूपले नहेरी मनोगतरूपले मात्रै हेर्ने बानी, केही स्वार्थी तत्त्वहरूबाट प्रस्तुत अवास्तविक र कुटिल सल्लाह र सूचनाको आधारमा नेपाल र नेपाली जनताबारे लिने निर्णय, टुङ्गो र ठम्याइ नै ती दोषपूर्ण दृष्टिकोणहरूका मुख्य आधारहरू हुन् । नेपाली र भारतीय जनताको साम्राज्यवाद र उपनिवेशवादविरोधी क्रान्तिकारी सम्बन्धलाई विकास गर्न त्यस गलत बुझाइबारे राम्रो जाँचबुझ र विश्लेषण गर्नु अति आवश्यक छ ।

नेपालका केही जिम्मेवार व्यक्तिहरूले नेपाल र भारतको बिचमा बाँझिएका स्वार्थ वा समस्या छैनन् भनेर स्वीकार गरेका छन् । तर, तथ्य यसको ठीक उल्टो छ । तथ्यलाई लुकाउन खोज्नु झन् खतरनाक कुरो हो । चिप्लो घस्नु, चाप्लुसी गर्नु र खुसामद गर्नु नै समस्याको उचित समाधानको उपाय हुँदैन, बरु त्यस्ता जालसाजीले समस्या झन् जेलिने सम्भावना छ । हरेक देशका भिन्नाभिन्नै स्वार्थहरू हुन्छन् र देशहरूको बिचमा बाझिएका स्वार्थहरू पनि हुन्छन् । त्यस्तै नेपाल र भारतको बिचमा समान समस्याहरू हुनुको साथै भिन्नाभिन्नै र बाझिएका स्वार्थहरू पनि छन् । साम्राज्यवाद र उपनिवेशवादको बाँकी बक्यौताहरूलाई निर्मूल गर्नु र त्यसले छोडेका गरिबी र पछाडिपनलाई नाघेर अगाडि बढेको सम्पन्न र न्यायमा आधारित शोषणविहीन समाज खडा गर्नु दुवै देशका समान समस्या हुन् । दुई देशको बिचमा व्यापारबारे मोलमोलाइ, तेस्रो देश र समुद्रपारका देशहरूसँग व्यापार गर्न बिनारोकतोक बाटोको (पारवहन) सुविधा, गोर्खा भर्ती र यसबाट पाइने रकमहरू, सुरक्षाबारे आत्मनिर्भरता र स्वतन्त्रताबारे नेपाल र भारतका भिन्नाभिन्नै स्वार्थ छन् भने महेशपुर, जोगबनी र रङ्गेली इलाका, हरिपुर, बारा जिल्लाको टीआर नदीले बाटो फेर्दाको इलाका, सुस्ता-नरशाही, कोइलावास, मथुरा दाना, महाकाली नदीको पुल र नहर, महाकाली नदीले बनाएको चाँदनी टापु आदि सीमासम्बन्धी बाझिएका स्वार्थहरू हुन् । यसबाहेक दुई देशबिचमा आ-आफ्ना अलग-अलग परम्परा र राजनैतिक दृष्टिकोणहरू छन् ।



बलभद्र कुँवर



भीमसेन थापा

दुई देशको आकार र जनसङ्ख्यामा भिन्नता अनि त्यसको समस्या समाधानबारे पनि फरकफरक दृष्टिकोण हुन्छन् । यस्ता थुप्रै बाझिएका र असमान स्वार्थ छँदाछँदै पनि 'बाझिएका स्वार्थ' वा 'समस्याहरू छैनन्' भन्नु त 'मोही माग्ने तर ढुङ्गो लुकाउने' जतिकै हो । यसलाई कूटनैतिक सफलताका बाधाहरूमात्रै भन्न सकिन्छ । समस्यालाई यथार्थरूपले राख्नु र निश्चल र इमानदारीपूर्वक समाधानको बाटो खोज्नु नै कूटनैतिक सफलता हुन्छ जसले दुवै देशका जनताको निम्ति लाभदायक र सन्तोषको कुरो हुनेछ ।

नेपालका जिम्मेवार व्यक्तिहरूले जस्तै भारतीय जिम्मेवार व्यक्तिहरूले पनि नेपाली र भारतीय जनताको सम्बन्धबारे केही गलत समझदारीहरू राखेका छन् । ती गलत समझदारीहरूले नै दुई देशका जनताको मैत्री सम्बन्धमा कुहिरोको काम गऱ्यो । मित्र सम्झिएका कति व्यक्तिहरूले त्यस कुहिरोलाई पन्छाउनुको सट्टा अझ बाक्लो कुहिरो थप्ने समझदारी लिएका छन् । दुई देशका जनताको मित्रतालाई बलियो पार्न गलत समझदारीको त्यस कुहिरोलाई पन्छाउन आवश्यक छ । ती गलत समझदारीहरूलाई एक-एक गरेर केलाउनु नै दुई देशका जनताको सम्बन्धमा देखापरेको कुहिरोलाई पन्छाउने सबभन्दा उचित युक्ति र पाइला साबित हुनेछ । नेपाली जनता र भारतीय जनताको बिचमा देखापरेका गलत समझदारीहरू के के हुन् त ?

नेपालका जिम्मेवार व्यक्तिहरूले जस्तै भारतीय जिम्मेवार व्यक्तिहरूले पनि नेपाली र भारतीय जनताको सम्बन्धबारे केही गलत समझदारीहरू राखेका छन् । ती गलत समझदारीहरूले नै दुई देशका जनताको मैत्री सम्बन्धमा कुहिरोको काम गऱ्यो ।

(१) नेपाली जनताले भियतनाम, लाओस, कम्बोडिया, कोरिया र सम्पूर्ण एसिया, अफ्रिका र ल्याटिन अमेरिकी जनता र संसारका सबै दलित-पीडित देश र जनताको साम्राज्यवादी आक्रमण, हस्तक्षेप र थिचोमिचोको विरोधी सङ्घर्षलाई समर्थन गरेका थिए र गर्दै पनि छन् । नेपाली जनता साम्राज्यवाद, उपनिवेशवाद र दुई महाशक्तिको प्रभुत्ववादको विरोध गर्छन् । नेपाली जनताको यस साम्राज्यवाद र उपनिवेशवादविरोधी भावनालाई 'चीनको उक्साइ' र भड्काइ भन्ने गलत समझदारी लिइयो । (२) नेपालका विवेकशील र प्रगतिशील जनताले ठुलो राष्ट्र अहङ्कारवाद र विदेशी हस्तक्षेप र थिचोमिचोको विरोधमा सङ्घर्ष गरे । त्यस सङ्घर्षलाई केही विदेशीहरू र चिनियाँ कम्युनिस्टहरूको उक्साइएको भारतविरोधी गतिविधि भन्ने गलत समझदारी लिइयो । (३) भारतीय एकाधिकार पुँजीको थिचोमिचोको विरोधमा नेपाली जनताको देशको अखण्डता र सार्वभौमिकता जोगाउने सङ्घर्षको कारण नेपालका केही जाति वा जनसमुदायलाई भारतविरोधी र चीन समर्थकको रङ्ग लगाइयो, राजनैतिक सीमा र अरू विभिन्न समस्याहरूमा आपसी स्वार्थबारे उठ्ने मोलमोलाइ, खिचलो र तानातानीलाई दुई देशको बिचमा हुने स्वाभाविक समस्या नसम्झी भारतविरोधी गतिविधिमात्रै सम्झियो । त्यसलाई एक स्वाभाविक समस्या सम्झेर समाधानको बाटो नखोजी एकोहोरो ढङ्गले भारतविरोधी निहुँ र झगडा सम्झनु नै दुई देशका जनताको बिचमा देखापरेका गलत समझदारीका मुख्य कारणहरू हुन् । आउनुस्, हामी ती गलत समझदारीहरूलाई एक-एक गरेर केलाऔँ ।

१. के नेपाली जनताको साम्राज्यवाद, उपनिवेशवाद र दुई महाशक्तिको प्रभुत्ववादविरोधी भावना र सङ्घर्ष चीनको उक्साइ हो त ?

होइन, एकदमै होइन । नेपाली जनताको साम्राज्यवाद र उपनिवेशवादविरोधी आफ्नै परम्परा छ । भारतका विभिन्न राज्यहरूलाई बेलायती साम्राज्यवादले निलिरहेको बेला भीमसेन थापाको मुख्तियारीमा नेपालले बेलायती साम्राज्यवादलाई एसियाबाटै धपाउन भारत र चीनका राजा-महाराजाहरूलाई एक संयुक्त मोर्चामा सङ्गठित गर्न खोजेका थिए । भारतका केही राजाहरूले आफ्नो राज्य बचाउने र सहुलियत प्राप्त गर्ने सानो स्वार्थसिद्ध गर्न नेपालको चिट्ठी र आशयलाई बेलायती साम्राज्यवादीहरूलाई बताएर नेपाली र एसियालाई नै धोखा दिएका थिए । भारतका केही राजा-महाराजाहरूको आत्मसमर्पण र धोखेबाजीले गर्दा नेपाल बेलायती साम्राज्यवादीहरूको लुटपिट र आक्रमणको केन्द्र बन्यो । भारतीय राजा-महाराजा एवं सामन्तहरूले बेलायती साम्राज्यवादीहरूको 'फुट गर र राज्य गर' भन्ने नीतिको उल्टो नीति लिन सकेनन् । साम्राज्यवादीहरूले भारत कब्जा गर्न भारतीय राजाहरूको बिचमा झगडा लगाए र राज्य हात पारे, एसियालाई कब्जा गर्न एसियाली देशहरूमा झगडा लगाए । साम्राज्यवादीहरूको त्यस दुर्नीतिको विरोधमा एकता र संयुक्त मोर्चा गर्न नसक्नु रणनीतिक गल्ती थियो । (त्यस रणनीतिक गल्तीले गर्दा अत्याधुनिक हातहतियार र सुसङ्गठित सेनासहित अगाडि बढेको पुँजीवादी उत्पादन साधन र प्रणाली र श्रेष्ठकर रणनीतिले सुसज्जित साम्राज्यवादीहरूले एसियालाई आफ्नो मुट्ठीमा पार्न सफल भए । तैपनि, नेपाली जनताले केही भारतीय राजा-महाराजाहरूको आत्मसमर्पण र बेलायती साम्राज्यवादको विरोधमा सङ्घर्ष गरिरहेका थिए, सुगौली सन्धिले नेपाल एक पीडित, आक्रान्त र 'अर्ध-उपनिवेश' देशमा फेरियो । नेपालको पश्चिम भाग बेलायती साम्राज्यवादीले भारतमा मिलाइदियो, पूर्वमा दार्जिलिङ कब्जा गरेर तिब्बतको बाटो खोस्यो, भुटान र सिक्किमलाई पनि 'अर्धउपनिवेश' बनायो । बलभद्रजस्ता वीरहरूले भारतीय राजाहरूसँग मिलेर बेलायती साम्राज्यवादको विरोधमा अन्तिम दमसम्म लडेर मरे तर आत्मसमर्पण गरेनन् न त साम्राज्यवादसँग सम्झौता नै गरे । भीमसेन थापा, माथवर सिंह, गगन सिंहजस्ता देशभक्तहरूले आफ्नो जीउमा प्राण बाँकी भएसम्म साम्राज्यवादको विरोधमा सङ्घर्ष गर्दै गए । नेपाली राष्ट्रको निम्ति यो मुटुको घाउ थियो । त्यस्तो राष्ट्रिय घाउ भएको नेपाली जनताले हिन्द-चीन, एसिया, अफ्रिका र ल्याटिन अमेरिकी जनताको साम्राज्यवादविरोधी सङ्घर्षको समर्थन गर्नु आक्रान्त र पीडित देशका जनताको समान पीडाको अभिव्यक्ति हो । नेपाली जनताको त्यस साम्राज्यवादविरोधी राष्ट्रिय अभिव्यक्तिलाई 'चीनको उक्साइ' भन्नु नेपाली जनताको गौरवपूर्ण राष्ट्रिय भावना र साम्राज्यवादविरोधी परम्परालाई जानाजानै चोट पुऱ्याउने एक अशिष्टता थियो र नेपाली र चिनियाँ जनताको साम्राज्यवादविरोधी परम्परागत मैत्रीलाई धमिल्याउने एक दुःखलाग्दो दुष्प्रयास पनि थियो ।

नेपालको पश्चिम भाग बेलायती साम्राज्यवादीले भारतमा मिलाइदियो, पूर्वमा दार्जिलिङ कब्जा गरेर तिब्बतको बाटो खोस्यो, भुटान र सिक्किमलाई पनि 'अर्धउपनिवेश' बनायो । बलभद्रजस्ता वीरहरूले भारतीय राजाहरूसँग मिलेर बेलायती साम्राज्यवादको विरोधमा अन्तिम दमसम्म लडेर मरे तर आत्मसमर्पण गरेनन् न त साम्राज्यवादसँग सम्झौता नै गरे ।

नेपालीहरू भारतविरोधी होइनन् – २

✍ योगेन्द्रमान बिजुक्छें

(वर्तमान सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले निरन्तर विवादित अभिव्यक्तिहरू दिँदै आएका छन् । विशेष गरी उनले 'अब नेपालको भारतविरोधी राष्ट्रवादको नीतिको अन्त्य भएको' घोषणा गरे । उनले के आधारमा नेपालको भारतविरोधी नीतिको कुरा उठाएका हुन् ? मन्त्री वाग्लेले आफूसँग जानकारी नै नभएको कुरा बोल्दै भारतको चाकरी गरेको धेरैले बुझेका छन् । नेपाल–भारत सम्बन्धका बारेमा भारतका पूर्वराजदूत रञ्जित रेले आफ्नो संस्मरण 'काठमाडौँ डिलेमा' मा पनि नेपालीहरू किन भारतको विरोध गर्छन् भनी गुनासो गरेका छन् । उनको भनाइलाई स्पष्ट पार्न लेखिएको केही टिप्पणीले 'मजदुर' दैनिक तथा आमपाठकलाई नेपाल भारतविरोधी होइन भन्ने बुझ्न सहयोग पुग्ने उद्देश्यले यो आलेख पुनः प्रकाशित गरिएको छ । – सम्पादक)



ती गौरवपूर्ण बलिदानलाई दिवसका रूपमा मनाइन्छ । नेपालमा मात्र होइन, संसारका कुनै पनि देशमा यस्तो परम्परा हुनु स्वाभाविक हो ।

भारतलाई अगस्ट १५ को दिन जति गौरवपूर्ण लाग्छ, नेपाललाई फागुन ७ पनि त्यत्तिकै महत्त्वपूर्ण लाग्छ । नेपालीहरूले आफ्नो देशप्रति देखाउने भक्तिभाव र देशको सार्वभौमसत्ताप्रति गर्ने गर्वलाई लिएर कसैलाई आपत्ति हुनु नपर्ने हो ।

पूर्वराजदूत रञ्जित रेको जिकिर

३. मैले यहाँ केही किस्सा प्रस्तुत गर्न खोजेको छु, जसले नेपालका शासक वर्गको वर्चस्व रहेको काठमाडौँ उपत्यकाको मानसिकता झल्काउँछन् । यो उपत्यका नै नेपालको राजनीतिको मियो हो । वास्तवमा पहिले यही उपत्यका नेपाल भनेर चिनिन्थ्यो । नेपालको राजनीति र उपत्यकासम्बन्धी यो अवधारणा वामपन्थी तथा कम्युनिस्ट केही शक्तिहरूको मानसिकतामा प्रबल छ भने नेपाली काङ्ग्रेसजस्ता लोकतान्त्रिक शक्तिहरूमा कम छ र तराईमा आधारित दलहरूमा कति पनि छैन । तर, यो भावना नेपाली युवाहरूमा बढ्दै गएको छ र भारतले यसप्रति संवेदनशील हुन आवश्यक छ ।

नेपाल र भारतको सम्बन्ध अरू कुनै छिमेकसँगको सम्बन्धभन्दा घनिष्ठ र साथै जटिल रहिआएको छ । धर्म, संस्कृति, परम्परा, भाषा र नातासम्बन्धजस्ता हामीलाई जोडिराख्ने कुराले पनि तनाव पैदा गरेका हुन्छन् । सबै कुरा भारतसँग मिल्दाजुल्दा छन् भने नेपाललाई कुन तत्त्वले फरक राष्ट्र-राज्य बनाउँछ ? दुई देशबिचका यी सांस्कृतिक समानतालाई विशेष गरी भारतीयहरूले औँल्याउन खोज्दा नेपालीहरू क्रोधित हुन्छन् र त्यसको परिणाम प्रत्युत्पादक हुन्छ ।

नेपालको आफ्नै पहिचानको अर्थ के हो ? यो भारतभन्दा कसरी फरक छ ? आकार र जनसङ्ख्यामा नेपाल भारतसँग समान छैन । भौगोलिक रूपमा नेपाललाई भारतले तीनतिरबाट घेरेको छ । नेपालीहरू पनि भारतमाथिको आफ्नो पूर्ण निर्भरतालाई मन पराउँदैनन् र यसलाई लिएर आक्रोशित हुन्छन् । नेपालले आफ्नो राष्ट्रिय पहिचानका लागि दुई अद्वितीय धरोहर–बुद्धको जन्मस्थल लुम्बिनी र विश्वको सर्वोच्च शिखर सगरमाथालाई प्रस्तुत गर्छ । तर, दुर्भाग्यवश, यी दुवै धरोहर साझा छन् बौद्ध सम्पदा भारतसँग तथा सगरमाथा चीनसँग ।

४. नेपालमा हिन्दी भाषालाई गरिने व्यवहार पनि कतै न कतै नेपाली पहिचानसँग जोडिने गरेको देखिन्छ । नेपालमा भारतीय टेलिचलचित्र (टेलिभिजन सिरियल) तथा चलचित्रहरू धेरै लोकप्रिय छन् र अधिकांश नेपालीहरूले हिन्दी बुझ्छन् र बोल्छन् पनि । तराईमा दैनिक कामकाजको भाषा हिन्दी पनि हो । तर, नेपालमा हिन्दी भाषालाई कुनै औपचारिक हैसियत दिइएको छैन । प्रायः सबै नेपाली राजनीतिक नेताहरू हिन्दीमा धाराप्रवाह बोल्न सक्ने भए पनि हालसम्म नेपालको संसद्मा यो भाषा बोल्न अनुमति दिइँदैन ।

नेपालका तराई वा मधेसी मूलका पूर्वउपराष्ट्रपति परमानन्द झाले जुलाई २००८ मा हिन्दीमा शपथ लिने निर्णय गरे । यसलाई पछि नेपालको सर्वोच्च अदालतले बदर गऱ्यो । अदालतको फैसला भए पनि झाले नेपाली भाषामा शपथ लिन मानेनन् । मातृभाषामा शपथ लिन पाउने गरी अन्तरिम संविधान संशोधन भएपछि मात्र सन् २०१० फेब्रुअरीमा झा पुनः उपराष्ट्रपति बनेका थिए । यस पटक उनले मातृभाषा र नेपाली भाषामा शपथ लिएका थिए ।

५. कहिलेकाहीँ स-साना समस्याहरूले सङ्कट निम्त्याउँछन् । सन् २००१ मा नेपालमा अभिनेता ऋतिक रोशनले आफू नेपालीहरूलाई घृणा गर्छु भनी विज्ञप्ति जारी गरेका थिए भन्ने गलत हल्ला फैलिएको थियो । यसले मधेसी समुदायविरुद्ध लक्षित सडक हिंसा निम्त्यायो । काठमाडौँमा दिनभर भएको दङ्गामा चार जनाको ज्यान गएको थियो । रोशनका चलचित्रहरू प्रतिबन्ध लगाइएका थिए भने स्थिति नियन्त्रणमा नआए भारतीय समुदायमाथि आक्रमण हुन सक्ने सम्भावना थियो । अन्ततः एउटा भिडियो प्रसारित भयो, जसमा अभिनेता ऋतिकले आफूले कहिल्यै नेपालीविरुद्ध त्यस्तो बयान नदिएको स्पष्ट पारे । त्यस्तै, सन् २००८ मा अभिनेत्री माधुरी दीक्षितले नेपाल आइपुगेपछि नेपाल कुनै समय भारतको हिस्सा भएको बताउँदा त्यसको विरोधमा चर्को प्रदर्शन भयो । बुद्ध भारतमा जन्मेका हुन् भनी देखाउने भारतीय चलचित्र र टेलिभिजन कार्यक्रमका कारण पनि नेपालमा भारतविरुद्ध प्रदर्शन हुने गरेका छन् ।

६. निःसन्देह, नेपालीहरू आफ्नो लडाकु स्वभाव र सैन्य पराक्रममा गौरव गर्ने जनता हुन् । पूर्वप्रधानमन्त्री ओलीलगायत नेपाली नेताहरूले देशलाई एकीकरण गर्न लामो र कठिन लडाइँ लडेको तथा रगत बगाएको कुरा बारम्बार बताउँछन् । शाह वंशका संस्थापक पृथ्वीनारायण शाहले आफू रहेको गोरखा राज्यवरपरका राज्यका शासकहरूलाई सैन्य रूपमा आफ्नो अधीनमा पारे । तर, दुई सय वर्षपछि राजा ज्ञानेन्द्रसँगै यसको अन्त्य भयो । यसमा काठमाडौँ उपत्यकाका मल्ल राज्यहरू पनि समावेश थिए, जसलाई तराईको तिरहुतका सिपाहीहरूले समेत रक्षा गरेका थिए ।

शाह साम्राज्य पश्चिममा पञ्जाबको एउटा सानो राज्य काँगडासम्म फैलिएको थियो, जसमा गढवाल र कुमाउँ तथा पूर्वमा सिक्किम र दार्जिलिङसम्मका भूभाग समावेश थिए । यो 'ग्रेटर नेपाल' सन् १८१४ र १८१५ को प्रख्यात अङ्ग्रेज-नेपाल युद्धमा ब्रिटिस इस्ट इन्डिया कम्पनीसँग भिड्नुअघि महाकाली नदीको पश्चिम र मेची नदीको पूर्वसम्म फैलिएको थियो । यस युद्धपश्चात् नेपालले महाकाली नदीको पश्चिम तथा मेची नदीको पूर्वमा रहेको आफ्नो भूभाग गुमाउनुपऱ्यो ।

कुनै बेला नेपालले तिब्बतसँग पनि युद्ध लडेको थियो । शाह र राणा वंशका शासकहरूले पछि अङ्ग्रेजहरूसँग सन्धि-सम्झौता गर्दै नेपालमा शासन गरे र आफूलाई विजेता ठान्दै रैथाने शासक वर्गका रूपमा प्रस्तुत गरे । अङ्ग्रेज-नेपाल युद्धमा गोर्खा सैनिकको साहस र वीरता देखेर अङ्ग्रेजहरूसमेत निकै प्रभावित भएका थिए । उनीहरूले सन् १८५७ मा भारतको पहिलो स्वतन्त्रता सङ्ग्राम दबाउन नेपाली सेना प्रयोग गरे । विद्रोह दबाएबापत जङ्गबहादुर कुँवर (पछि राणा) को नेतृत्वमा रहेको राणा सेनालाई सो धनी सहर लुट्न धेरै दिनसम्म छुट दिइएको थियो । आजसम्म यो घटना 'लखनउको लुट' भनेर इतिहासमा उल्लेख हुँदै आएको छ ।


नेपालले भारतजस्तो कहिल्यै कुनै देशको अधीनमा रहेर उपनिवेश बन्नु नपरेकोमा गर्व गऱ्यो । तापनि, यसका समकालीन नेताहरूले आफ्ना औपचारिक र सार्वजनिक वक्तव्यहरूमा सधैँ राष्ट्रिय सार्वभौमसत्ता, राष्ट्रिय गौरव, सम्मान, समानता र 'हामी कहिल्यै झुक्ने छैनौँ' जस्ता शब्द तथा पदावलीहरू उल्लेख गर्छन् । जबकि, स्वतन्त्र राष्ट्रका रूपमा दुई सय वर्षभन्दा बढी समयदेखि अस्तित्वमा रहेका पुराना स्थापित राष्ट्रहरूले सामान्यतया यस्ता पदावलीहरू प्रयोग गरेको सुनिँदैन ।

(लेखकका विचारमाथि आलोचनात्मक टिप्पणी निम्नानुसार प्रस्तुत गरिएको छ ।)

बुँदा ३ का सम्बन्धमा

पहाड वा काठमाडौँ उपत्यकाका नेपालीहरू, कम्युनिस्टहरू अनि वामपन्थीहरू भारतको विरोध गर्छन् भन्ने लेखकको विचार आधारहीन छ । नवलपरासीको सुस्ता अतिक्रमणको विरोधमा सबैभन्दा बढी आवाज उठाउने तराईकै जनता हुन् । हो, सच्चा कम्युनिस्ट र वामपन्थीहरू देशभक्त हुन्छन् । देशको अस्तित्वमाथि खेलबाड गर्ने स्वदेशी वा विदेशी शक्तिको उनीहरू विरोध गर्छन् । कुनै पार्टीमा आबद्ध नभए पनि सबै सचेत नाकाबन्दी र कालापानीमा सीमा मिचिएको विषयमा नेपाली काङ्ग्रेसले एक शब्द पनि नबोलेको कुरा इतिहासमा लेखियो ।

नेपाल र भारतका संस्कृति तथा परम्परामा धेरै समानता हुँदाहुँदै पनि दुई देशबिच धेरै कुरा फरक छन् र दुवैका आ-आफ्नै विशिष्ट पहिचान छन् । नेपालमा १२३ जातजाति र भाषाभाषी छन् भने भारतमा दुई हजारभन्दा बढी रहेको मानिन्छ । यीमध्ये केहीमा समानता



होलान्, तर यी तथ्यलाई बेवास्ता गरी नेपाल र भारतको पहिचान एउटै देखाउने लेखकको प्रयास बदनियतपूर्ण छ ।

जहाँसम्म सगरमाथा, बुद्ध दर्शन र अन्य पक्षसँग सम्बन्धित सम्पदाको कुरा छ, ती नेपाल-भारत वा नेपाल-चीन दुई देशका मात्र सम्पत्ति होइनन् । ती त विश्वकै सम्पदा हुन् । यसमा सबै नेपाली गर्व गर्छन् ।

बुँदा ४ का सम्बन्धमा

भौगोलिक निकटताका कारण नेपाल र भारतबिच धेरै कुराको आदानप्रदान सहज रहिआएको तथ्य इतिहासले बताउँछ । हो, शिक्षित नेपालीहरू तथा भारतसँग व्यापार र शैक्षिक सम्बन्ध भएका नेपालीहरू नयाँ प्रविधिमा पहुँचका कारण हिन्दी भाषा बुझ्छन् र भारतीय चलचित्र मन पराउँछन् । मस्कोदेखि मुस्लिम जनसङ्ख्याको बाहुल्य रहेका मध्य एसियाली देशहरू, मध्यपूर्व तथा मिश्रसम्म पनि भारतीय चलचित्र प्रख्यात छन् । त्यस्तै, अमेरिकी हलिउडका चलचित्र र मार्सल आर्टमा आधारित चिनियाँ कुङ्फु चलचित्र संसारभरि हेरिन्छन् । आजभोलि कोरियाली, इरानी र जापानी चलचित्रहरू पनि नेपालमा लोकप्रिय छन् ।

अब यसको अर्थ ती सबै भाषालाई नेपालमा बोलचालका भाषा वा नेपालको संविधानमा उल्लिखित भाषाका रूपमा घोषणा गर्नुपर्छ भन्ने होइन । यसबारे निर्णय नेपाल र नेपालीले गर्ने हो ।

जहाँसम्म हिन्दी बुझ्ने भएर पनि नेपाली नेताहरू सार्वजनिक रूपमा हिन्दी बोल्न मान्दैनन् भन्ने सवाल छ, यो अन्तर्राष्ट्रिय परम्परा र व्यक्तिगत प्रवृत्तिको कुरा हो । आफ्नो देशको प्रतिनिधिका रूपमा भारतका औपचारिक कार्यक्रममा जाने जोकोही नेता तथा कर्मचारीले अङ्ग्रेजी नै बोल्नुको एउटा कारण नेपाल र भारतबिचका सन्धि-सम्झौताहरू नेपाली र हिन्दीमा नभई अङ्ग्रेजी भाषामा हुनु पनि हो । यसकारण अन्य देशमा दोभाषेको व्यवस्था गरिन्छ । यो आफ्नो देशको भाषा र देशप्रतिको सम्मान पनि हो ।

जबकि, भारतमा अङ्ग्रेजी बोल्ने व्यक्तिलाई सम्मान र इज्जतका साथ हेर्ने परम्परा विकसित हुनु बेलायती उपनिवेशको उपज हो । यो पङ्क्तिकारलाई भारत भ्रमणमा जाँदा आफैँ सिकाइएको थियो, 'त्यहाँ हिन्दीमा कुरा नगर्नु, हेप्छन् अङ्ग्रेजीमै बोल्नु ।' नेपालीले बोल्ने हिन्दी शुद्ध नहुने भएकाले पनि नेपालीहरू हिन्दी बोल्न हिचकिचाउँछन् ।

बुँदा ५ का सम्बन्धमा

माथि बुँदा २ मा भनिएजस्तै भारतीय चर्चित व्यक्तिहरूबाट बेलाबेलामा व्यक्त हुने विवादास्पद भनाइहरूले नेपालीहरूको संवेदनशील भावनामाथि तीखो प्रहार गर्छन् । यसको प्रतिकार नेपालीहरूले गर्नु अस्वाभाविक होइन । जलियाँवाला बाग हत्याकाण्डको बदला लिन भारतीय नागरिक उधम सिंह बेलायत पुगेर उक्त हत्याकाण्डका प्रमुख जिम्मेवार जनरल डायरको हत्या गरेको कुरा सबै भारतीयलाई सम्झना होला । यस्तो विरोध देशभक्तिको द्योतक पनि हो ।

बुँदा ६ का सम्बन्धमा

हरेक देशको आफ्नै पहिचान र गौरवपूर्ण इतिहास हुन्छ । देशले प्राप्त गरेको स्वतन्त्रता, प्रजातन्त्र र राजनीतिक उपलब्धिका लागि गरिएका सङ्घर्षका कथाहरू तथा आफ्नै जनतामाथि अन्याय गर्ने अत्याचारी शासकहरूको अन्त्य गर्न जनताले गरेका बलिदानका गाथाहरू हुन्छन् । ती कथा र गाथाहरू राष्ट्रिय गानमा गाइन्छन् । ती गौरवपूर्ण बलिदानलाई दिवसका रूपमा मनाइन्छ । नेपालमा मात्र होइन, संसारका कुनै पनि देशमा यस्तो परम्परा हुनु स्वाभाविक हो ।

भारतलाई अगस्ट १५ को दिन जति गौरवपूर्ण लाग्छ, नेपाललाई फागुन ७ पनि त्यत्तिकै महत्त्वपूर्ण लाग्छ । नेपालीहरूले आफ्नो देशप्रति देखाउने भक्तिभाव र देशको सार्वभौमसत्ताप्रति गर्ने गर्वलाई लिएर कसैलाई आपत्ति हुनु नपर्ने हो ।



नेपाल र भारतका संस्कृति तथा परम्परामा धेरै समानता हुँदाहुँदै पनि दुई देशबिच धेरै कुरा फरक छन् र दुवैका आ-आफ्नै विशिष्ट पहिचान छन् । नेपालमा १२३ जातजाति र भाषाभाषी छन् भने भारतमा दुई हजारभन्दा बढी रहेको मानिन्छ । यीमध्ये केहीमा समानता होलान्, तर यी तथ्यलाई बेवास्ता गरी नेपाल र भारतको पहिचान एउटै देखाउने लेखकको प्रयास बदनियतपूर्ण छ ।





युरोपेली देश पोर्चुगलको राजधानी लिस्वनस्थित संसद्भवन अगाडि आवासको सुपथ मूल्य निर्धारण गर्न माग गर्दै भएको विरोध ऱ्यालीमा सहभागी पोर्चुगाली जनता अक्टोबर २७, २०२६ को साँझ । पोर्चुगलमा सरकारको अनुदारवादी अर्थनीतिका कारण बढेको आवास खर्चले गर्दा धेरै कामदार जनता घरआवासविहीन बनेका र आवासको भाडासमेत तिर्न नसक्ने अवस्थामा पुगेको बताइएको छ ।

तस्बिर : एपी/अर्मान्डो फ्रान्का

इरानद्वारा ट्रम्पको आलोचना, प्रतिबद्धता तोडेको आरोप

तेहरान, ११ कार्तिक (एएनआई) । इरानले कूटनीतिक प्रतिबद्धता उल्लङ्घन गरेको आरोप लगाउँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आलोचना गरेको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले १४ बुँदे समझदारीपत्र (एमओयु) बारे ट्रम्पको टिप्पणीले अमेरिकाको कूटनीतिक प्रतिबद्धताको खोक्रोपन उजागर गरेको बताउनुभएको छ ।

सामाजिक सञ्जाल एक्समा प्रतिक्रिया दिँदै बाघाईले अमेरिकाले आफ्ना प्रतिबद्धता अस्वीकार गर्ने र अन्तर्राष्ट्रिय दायित्वलाई आफूअनुकूल व्याख्या गर्ने गरेको आरोप लगाउनुभयो । उहाँले युरोपेली मुलुक तथा अन्य समर्थकले अमेरिकी व्यवहारलाई जवाफदेहिताबाट जोगाउन खोज्नुको औचित्य नभएको बताउँदै अन्तर्राष्ट्रिय कानुन छानेर लागू गर्न नमिल्ने उल्लेख गर्नुभयो ।

यसअघि बुधबार टेक्सासको लुब्बकमा आयोजित चुनावी सभामा ट्रम्पले अमेरिकाले इरानसँग युद्ध सुरु नगरेको, बरु इरानले सन् १९७९ देखि अमेरिकाविरुद्ध द्वन्द्व चलाएको हास्यास्पद आरोप लगाएका थिए । उनले अघिल्ला अमेरिकी नेताहरूले यो समस्या पहिले नै समाधान गर्नुपर्ने बताउँदै आफूले चाहेको बेला युद्ध अन्त्य गर्न सक्ने दाबी गरेका थिए ।

उता, इरानका सर्वोच्च नेता अयातुल्ला मोजताबा खमेनीले हर्मुज जलघाँटीमाथिको नियन्त्रणलाई राष्ट्रिय तथा क्षेत्रीय सुरक्षाका लागि महत्त्वपूर्ण बताउनुभएको छ । सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मेजर जनरल मोहसेन रेजाईसँगको भेटपछि सार्वजनिक सन्देशमा उहाँले राष्ट्रिय सुरक्षा, क्षेत्रीय सहयोग र रणनीतिक हितबारे चर्चा गर्नुभएको थियो ।

खमेनीले छिमेकी देशहरूसँग पारस्परिक हितका आधारमा सम्बन्ध सुदृढ गर्न र युद्ध तथा शान्तिबिचको अनिश्चित अवस्था अन्त्य गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले देशको रक्षामा जनसहभागिता कायम राख्न प्रभावकारी सञ्चार आवश्यक रहेको पनि उल्लेख गर्नुभयो ।

इरानविरुद्ध कुनै पनि सैन्य कारबाही भए त्यसको परिणाम भोग्नुपर्ने रेजाईको चेतावनीपछि यी अभिव्यक्ति आएका हुन् । तेहरानले थप टकराव रोक्न सकिने अवस्थामा कूटनीतिलाई प्राथमिकता दिएको जनाएको छ ।

चक्रवात अर्नबको प्रहार, ८९ हजार विस्थापित

हैदराबाद, ११ कार्तिक (एपी) । भारतको आन्ध्र प्रदेशको तटमा चक्रवात अर्नबले प्रहार गरेपछि कम्तीमा ८९ हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । बुधबार बिहान तट पार गरेको चक्रवातले तीव्र हावा र भारी वर्षा ल्याएपछि तटीय क्षेत्रमा जनजीवन प्रभावित भएको छ ।

राज्यको विपद् व्यवस्थापन प्राधिकरणका प्रमुख प्रखर जैनका अनुसार तटमा प्रवेश गर्नुअघि चक्रवात केही कमजोर भए पनि हावाको अधिकतम गति प्रतिघण्टा १८५ किलोमिटरसम्म पुगेको थियो । यसले आन्ध्र प्रदेशका विभिन्न तटीय जिल्लामा भारीदेखि अति भारी वर्षा गराएको छ । चक्रवात भित्री भागतर्फ अघि बढ्दै जाँच थप कमजोर हुने र हावाको गति भोलिपल्ट प्रतिघण्टा ११० किलोमिटरसम्म झर्ने अनुमान गरिएको छ । घटनामा मानवीय क्षति भएको तत्काल कुनै विवरण प्राप्त भएको छैन ।

भारतीय मौसम विभागका अनुसार आन्ध्र प्रदेशको तटीय क्षेत्र र छिमेकी ओडिसाका केही भागमा आगामी चार घण्टासम्म भारी वर्षा र तीव्र हावा चल्ने सम्भावना छ । विभागका प्रमुख मृत्युञ्जय महापात्रले चक्रवातको अग्रभाग जमिनमा प्रवेश गरिसकेको र तट पार गर्ने सम्पूर्ण प्रक्रिया पूरा हुन करिब चार घण्टा लाग्ने बताउनुभएको छ ।

मङ्गलबार ढिलो अर्नब अत्यन्त शक्तिशाली चक्रवाती आँधीमा परिणत भएको थियो । त्यसपछि तटीय क्षेत्रमा तीव्र हावा र भारी वर्षा सुरु भएको थियो । राज्यको विपद् व्यवस्थापन प्राधिकरणका अधिकारीहरूका अनुसार बङ्गालको खाडीमा आँधी तीव्र भएपछि यसको बाहिरी भागले मङ्गलबार रातिदेखि नै आन्ध्र प्रदेशको तटमा असर पार्न थालेको थियो । चक्रवातले अपेक्षा गरिएभन्दा चाँडै तट पार गरेको हो ।

चक्रवातको जोखिमलाई ध्यानमा राख्दै अधिकारीहरूले मङ्गलबार नै राज्यका सबै तटीय जिल्लालाई उच्च सतर्कतामा राखेका थिए । तल्लो भूभाग र बाढीको जोखिम भएका क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सार्न थालिएको थियो । केही क्षेत्रमा भारी वर्षा र तीव्र हावा सुरु भएपछि रेल सेवासमेत रद्द गरिएको थियो ।

राज्यको विपद् व्यवस्थापन प्राधिकरणका अनुसार चक्रवातको सम्भावित मार्गमा एक करोड २० लाखभन्दा बढी मानिस बसोबास गर्छन् । प्रेस ट्रस्ट अफ इन्डिया समाचार एजेन्सीका अनुसार अधिकारीहरूले २० जिल्लामा दुई हजारभन्दा बढी चक्रवात आश्रयस्थल स्थापना गरेका छन् । जोखिममा रहेका लाखौँ बासिन्दाको मोबाइल फोनमा आपत्कालीन चेतावनी सन्देश पठाइएको छ ।

जैनका अनुसार तटीय क्षेत्रमा ३० हजारभन्दा बढी माछा मार्ने डुङ्गालाई सुरक्षित राखिएको छ भने आपत्कालीन सहायता उपलब्ध गराउन करिब एक हजार १०० स्वास्थ्य टोली परिचालन गरिएको छ ।

यसैबिच, छिमेकी ओडिसाका अधिकारीहरूले चक्रवातबाट प्रभावित हुन सक्ने क्षेत्रका करिब ४८ हजार मानिसलाई सुरक्षित स्थानमा सार्ने योजना बनाएका छन् ।

विश्व सङ्क्षेप

अमेरिकी निर्वाचन आयोगको प्रणालीमा साइबर हमला

न्युयोर्क, ११ कार्तिक (एएनआई) । अमेरिकामा नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनअघि अमेरिकी सङ्घीय निर्वाचन आयोग (एफइसी) को विद्युतीय फाइलिङ प्रणालीमा ह्याकरहरूले अवरोध पुऱ्याएका छन् । रोयटर्सका अनुसार यसका कारण राजनीतिक दल तथा समितिहरूलाई चुनावी खर्चको अनिवार्य विवरण बुझाउन समस्या भएको छ ।

आयोगले प्रणालीमा अनधिकृत प्रवेशको प्रयास भएपछि अनलाइन सेवा अस्थायी रूपमा बन्द गरिएको जनाएको छ । सूचना प्रविधि कर्मचारीले सेवा पुनः सञ्चालन गर्न काम गरिरहेका छन् । अवरोधका कारण २४ घण्टा र ४८ घण्टाभित्र बुझाउनुपर्ने चुनावी खर्च विवरण दर्ता गर्न समस्या भए पनि पुराना विवरण वेबसाइटमा हेर्न सकिनेछ ।

एफइसीले उम्मेदवार तथा राजनीतिक समितिको खर्च अभिलेख राख्ने भए पनि निर्वाचन सञ्चालन गर्दैन । त्यसैले यो घटनाले मतदाताको मतदान गर्ने क्षमतामा असर पर्ने अपेक्षा गरिएको छैन ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीले कङ्ग्रेसमा बहुमत कायम राख्न सक्ने वा नसक्ने निर्धारण गर्ने निर्वाचनअघि साइबर घटना भएको हो । ट्रम्पले निर्वाचन निष्पक्ष भए परिणाम स्वीकार गर्ने बताउँदै आवश्यक परे राष्ट्रपतीय निषेधाधिकार प्रयोग गर्न सक्ने उल्लेख गरेका छन् । उहाँले मतदाता ठगीसम्बन्धी सूचना दिएर दोषीलाई पक्राउ तथा सजाय दिलाउन सहयोग गर्नेलाई १० लाख अमेरिकी डलर पुरस्कार दिने घोषणा पनि गरेका थिए ।

निर्वाचनमा प्रतिनिधिसभाका सबै ४३५ र सिनेटका करिब एकतिहाइ सिटका लागि प्रतिस्पर्धा हुँदैछ । सीबीएस न्युजको सर्वेक्षणले डेमोक्रेटहरूले प्रतिनिधिसभामा २२९ सिट जित्न सक्ने अनुमान गरेको छ । अक्टोबर २१ देखि २३ सम्म दुई हजार ३५५ अमेरिकी वयस्कबिच गरिएको सर्वेक्षणमा मुद्रास्फीति, बढ्दो मूल्य र आर्थिक चिन्ता मतदाताका प्रमुख मुद्दा देखिएका छन् । डेमोक्रेट मतदातामा मतदानप्रतिको प्रतिबद्धता बढी देखिएकाले सहभागिताले निर्वाचन परिणाममा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सर्वेक्षणले सङ्केत गरेको छ ।

मध्यपूर्वी क्षेत्रीय परिस्थिति चकँदै आएकोप्रति चीनको ख्याल-विचार

पेइचिङ, २८ अक्टोबर (सीआरआई) । चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता को च्या खुनले नियमित पत्रकार सम्मेलनको अध्यक्षता गर्दै यमनका हुथी समूहले साउदी अरबियाको राष्ट्रिय प्रतिरक्षा मन्त्रालय र विमानस्थल आदि लक्ष्यहरूमाथि आक्रमण गरेको विषयबारे पत्रकारद्वारा सोधिएको प्रश्नको जवाफ दिनुभएको छ । प्रवक्ता कोका अनुसार, क्षेत्रीय परिस्थिति चर्कदै आएकोप्रति चीनले ख्याल-विचार राख्दै नागरिक विमानस्थल लगायतका निजामति प्रबन्धहरूमाथि आक्रमण गर्ने कारवाईको विरोध गरेको छ । संवादमार्फत भिडन्त र वाद-विवादको समाधान गरी छिटोभन्दा छिटोगरी मध्य पूर्वी क्षेत्रको शान्तिको पुनःस्थापना गर्न उहाँले सम्बद्ध पक्षहरूलाई पनि आह्वान गर्नुभएको छ ।

खाडी मुलुकहरूलाई मध्यावधि निर्वाचनपछि इरानमा आक्रमणका लागि तयार रहन अमेरिकाको आग्रह : वाल स्ट्रिट जर्नल

वासिङ्टन, ११कार्तिक (सिन्हुवा) । अमेरिकाले खाडी क्षेत्रका मुलुकहरूलाई अमेरिकी मध्यावधि निर्वाचनपछि इरानविरुद्ध तीव्र सैन्य कारबाहीका लागि तयार रहन आग्रह गरेको छ । यस विषयमा जानकार व्यक्तिहरूलाई उद्धृत गर्दै 'वाल स्ट्रिट जर्नल' ले बुधबार यस्तो समाचार प्रकाशित गरेको हो ।

उक्त समाचार अनुसार, अमेरिका र इजरायल इरानविरुद्ध अर्को चरणको तीव्र सैन्य कारबाहीको तयारी गरिरहेका छन् । मध्यपूर्वमा रहेका अमेरिकी सेनाले गोलाबारुदको भण्डार पुनः तिव्र पारिरहेका छन् भने बमवर्षक र लडाकु विमानहरू पनि सम्भावित आक्रमणका लागि तयारी अवस्थामा राखिएका छन् ।

इजरायलले पनि सम्भावित नयाँ आक्रमणका लागि योजना तयार पारेको र लक्ष्यहरू पहिचान गरिसकेको जर्नलले जनाएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तिम निर्णय गरि नसकेको जनाउँदै इरानका पूर्वाधार र आणविक केन्द्रहरूलाई लक्षित गरी ठूलो आक्रमण गर्ने योजना तर्फ अघि बढेको समाचारमा उल्लेख छ ।

प्यालेस्टाइनद्वारा जारी इजरायली कारबाहीका विरुद्ध राष्ट्रसङ्घमा पत्र

न्युयोर्क, ११ कार्तिक (क्यूएनए) । प्यालेस्टाइन राज्यले संयुक्त राष्ट्रसङ्घ महासचिव, यस महिना संयुक्त राष्ट्र सुरक्षा परिषद्को ग्रीसको अध्यक्षता र संयुक्त राष्ट्र महासभाका अध्यक्षलाई हेब्रोनको घटनाक्रममा विशेष चासोका साथ पूर्वी जेरुसेलमसहित वेस्ट ब्याङ्कमा प्यालेस्टिनी नागरिकहरूविरुद्ध जारी इजरायली कारबाहीमा गम्भीर वृद्धि भएको सूचना दिँदै पत्र पठाएको छ ।

पत्रमा, संयुक्त राष्ट्रमा प्यालेस्टाइन राज्यका स्थायी प्रतिनिधि, रियाद मन्सुरले गत शुक्रबारदेखि इजरायली कब्जा अधिकारीहरूले हेब्रोन प्रान्तमा अधिकतम सैन्य घेराबन्दी र पूर्ण नाकाबन्दी गर्दा लगभग पाँच लाख प्यालेस्टिनीहरूलाई सामूहिक सजायको सामना गर्नुपरेको जनाउनुभएको छ ।

इजरायली सेनाले जबरजस्ती निष्कासन, सामूहिक गिरफ्तारी, अमानवीय व्यवहार, प्यालेस्टिनीहरूको सम्पत्ति जफत गर्ने र इब्राहिमी मस्जिद बन्द गर्ने जस्ता कार्यहरू जारी राखेको पत्रमा उल्लेख गरिएको छ । यसैबीच, उत्तरी वेस्ट ब्याङ्कका सहरहरू र शरणार्थी शिविरहरू चौथो जेनेभा महासन्धिलगायत अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घनमा जबरजस्ती विस्थापन र व्यापक इजरायली विनाशसँग जुझिरहेको जनाइएको छ ।

सङ्कटग्रस्त क्षेत्रहरू, विशेष गरी देइर बहा र अल-जलदामा आफ्नो घरबाट निकालिएका परिवारहरूको सङ्ख्या बढेर ४८८ पुगेको जनाइएको छ । जसले तीन हजार १७१ प्यालेस्टिनीहरू, प्रायः महिला तथा बालबालिकाका साथै वृद्ध र बिरामी व्यक्तिहरूलाई असर गरेको मन्सुरले प्रकाश पार्नुभएको छ ।

उहाँले लगभग ५०० घरहरू ध्वस्त भएको उल्लेख गदै मध्य सहर, सहर, गाउँ र छेउछाउका शरणार्थी शिविरहरूमा सामूहिक नजरबन्द गरिएको बताउनुभयो ।

इजरायलले आफ्नो वर्तमान चुनावी अभियानलाई अगाडि बढाउन प्यालेस्टिनी जनतालाई घेरिएको पीडाको फाइदा उठाएकोसमेत बताउँदै मन्सुरले यो दृष्टिकोणले थप वृद्धि र हत्यालाई बढावा दिने उल्लेख गर्नु भएको छ ।

उहाँले कब्जा अधिकारीहरूले दैनिक घातक आक्रमणहरू जारी राखी पूर्वी जेरुसेलमलगायत कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा जातीय विभेदको अभियानलाई तीव्र बनाउन थप औपनिवेशिक उपायहरूका साथ प्यालेस्टिनीलाई उत्पीडन दिने र पूर्ण दण्डहीनताका साथ बसोबास गर्ने आतङ्कलाई बढावा दिने अन्तिम लक्ष्यका साथ प्यालेस्टिनी जनताको उन्मूलन गर्ने प्रयास गरेको बताउनुभयो ।

यी अपराधहरू रोक्नुपर्ने बताउँदै उहाँले यस्ता क्रियाकलाप अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन भएको र यसमा सामूहिक सजायमा प्रतिबन्ध, प्रतिशोधको कार्य, लुटपाट र व्यक्तिहरूको जबरजस्ती स्थानान्तरण समावेश रहेको तर्क गर्नुभयो । उहाँले कार्यहरूले प्यालेस्टिनी जनताको अधिकार र संयुक्त राष्ट्रका प्रस्तावहरू, विशेष गरी अन्तर्राष्ट्रिय न्यायालय (आईसीजे) द्वारा २०२४ मा जारी गरिएको सल्लाहकार रायको उल्लङ्घन गरेको दाबी गर्नुभयो ।

२५ वर्षमा अमेरिकाद्वारा फौजी हमला गरिएका १५ मुलुकहरू

विश्व शान्ति र मानव अधिकारको ठुला-ठुला कुरा गर्ने संयुक्त राज्य अमेरिकाले पछिल्लो २५ वर्षको अवधिमा विश्वभर आफ्नो आधिपत्य जमाउन दर्जनौँ देशहरूमा प्रत्यक्ष सैन्य हस्तक्षेप गरेको छ । आतङ्कवादविरुद्धको लडाइँको जामा पहिरेर चालिएका यी कदमहरू वास्तवमा आतङ्कवादविरुद्ध होइनन्, बल्कि विश्वका प्राकृतिक स्रोत, खनिज पदार्थ र तेल कब्जा गर्ने साम्राज्यवादी महत्त्वाकाङ्क्षाको परिणाम हुन् । कुनै पनि सार्वभौम देशको आन्तरिक मामिला नियमन गर्ने, सरकार फेर्ने वा कानुन चलाउने अधिकार संयुक्त राष्ट्रसङ्घको हो, अमेरिकाको होइन ।

तर, अमेरिकाले अन्तर्राष्ट्रिय कानुनलाई उपेक्षा गर्दै सार्वभौमसत्ता सम्पन्न देशहरूमाथि फौजी हमला गरी त्यहाँका वैध सत्ताहरूलाई बलपूर्वक ढलाएका छन् । जननिर्वाचित सरकारहरूलाई अपदस्त गरेर आफ्ना कठपुतली सरकारहरू स्थापित गर्ने र त्यसैको आडमा ती देशका तेल, खनिज तथा अमूल्य प्राकृतिक स्रोतहरू निर्लज्ज रूपमा लुट्ने अमेरिकी कुत्सित रणनीतिविरुद्ध पछिल्लो २५ वर्षमा अमेरिकी हमलाको शिकार भएका १५ प्रमुख मुलुकहरू :

१. अफगानिस्तान

सन् २००१ मा सेप्टेम्बर ११ को घटनालाई बहाना बनाएर अमेरिकाले अफगानिस्तानमाथि विशाल सैन्य हमला सुरु गऱ्यो । आतङ्कवादविरुद्धको नाममा दशकौँसम्म फौजी तैनाथी रह्यो तर यसको वास्तविक उद्देश्य मध्य एसियामा सामरिक पकड जमाउनु थियो । विदेशी हस्तक्षेपका कारण लाखौँ अफगान नागरिकले ज्यान गुमाए भने देश पूर्ण रूपमा ध्वस्त भयो । अमेरिकाले त्यहाँ आफ्नो कठपुतली सरकार चलाएर देशको प्राकृतिक स्रोत र खनिज पदार्थमाथि कब्जा जमाउने कुचेष्टा गऱ्यो । अन्त्यमा, लामो रक्तपातपूर्ण लडाइँपछि अमेरिकी सेना भाग्न बाध्य भयो तर त्यसले अफगानिस्तानलाई सधैँका लागि गरिबी र अस्थिरताको खाडलमा धकेलियो । यो हस्तक्षेप विशुद्ध रूपमा साम्राज्यवादी र युद्धपिपासु नीति थियो ।

२. इराक

सन् २००३ मा अमेरिकाले आम विनाशकारी हतियार (Weapons of Mass Destruction) को सरासर झूटा र बनावटी दाबी गर्दै इराकमाथि विध्वंसकारी सैन्य आक्रमण गऱ्यो । संयुक्त राष्ट्रसङ्घको स्पष्ट स्वीकृतिबिना गरिएको यो हमला सरासर अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन र साम्राज्यवादी लुटको खुला नमुना थियो । सद्दाम हुसेनको सरकारलाई बलपूर्वक ढलाएर अमेरिकाले आफ्नो स्वार्थ अनुकूलको कठपुतली सरकार गठन गऱ्यो । यसको मुख्य अभीष्ट इराकको विशाल तेल भण्डारमाथि कब्जा जमाउनु र मध्यपूर्वको भूराजनीतिक नियन्त्रण लिनु थियो । यस हमलाका कारण लाखौँ निर्दोष इराकवासीले अकालमा ज्यान गुमाए र प्राचीन सभ्यताको केन्द्र मानिने देश तहसनहस भयो ।

३. सिरिया

सिरियाली गृहयुद्धको फाइदा उठाउँदै अमेरिकाले त्यहाँका वैध सरकारलाई अपदस्त गर्न र आफ्ना साम्राज्यवादी स्वार्थ लाद्न प्रत्यक्ष तथा अप्रत्यक्ष फौजी हमलाहरू सुरु गऱ्यो । सिरियाली जनताको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्ने अधिकार अमेरिकालाई कसैले दिएको थिएन, तर उसले आतङ्कवादी समूहहरूविरुद्ध लड्ने नाटक गर्दै सिरियाका तेलखानीहरूमाथि कब्जा जमायो । सिरियाली सरकारविरुद्ध लड्ने विभिन्न विद्रोही समूहहरूलाई हतियार र आर्थिक सहयोग दिएर देशलाई गृहयुद्धको आगोमा झोसियो । लाखौँ सिरियालीहरू शरणार्थी बन्न बाध्य भए । यो हस्तक्षेप सिरियाली प्राकृतिक स्रोतमाथि कब्जा गर्ने र त्यस क्षेत्रमा आफ्नो एकाधिकार कायम गर्ने नाङ्गो साम्राज्यवादी खेल थियो ।

४. लिबिया

सन् २०११ मा मुमार गद्दाफीको नेतृत्वमा रहेको लिबियाली सरकारलाई पल्टाउन अमेरिका र नेटो (NATO) का सेनाले निर्मम हवाई हमलाहरू गरे । लिबिया अफ्रिका महादेशमै उच्च जीवनस्तर भएको र तेलमा आत्मनिर्भर देश थियो तर अमेरिकालाई एउटा स्वतन्त्र र आफ्नै ढङ्गले चल्ने सरकार स्वीकार्य थिएन । गद्दाफीको हत्या गराएर त्यहाँ अव्यवस्था सिर्जना गरियो र पश्चिमा शक्तिहरूको सेवा गर्ने कठपुतली सत्ता स्थापित गरियो । यस हमलाको प्रमुख कारण लिबियाको उच्च गुणस्तरको कच्चा तेल र प्राकृतिक स्रोतहरूलाई लुट्नु थियो । आज पनि लिबिया युद्ध, गरिबी र गृहयुद्धको दुष्चक्रबाट बाहिर निस्कन सकेको छैन ।

५. यमन

यमनमा जारी भिषण गृहयुद्ध र मानवीय सङ्कटको पछाडि प्रत्यक्ष रूपमा अमेरिकी साम्राज्यवादी हस्तक्षेप र फौजी हमलाहरू जिम्मेवार छन् । अमेरिकाले साउदी गठबन्धनलाई अत्याधुनिक हतियार, गुप्तचर सूचना र प्रत्यक्ष सैन्य सहयोग उपलब्ध गराएर यमनमाथि हवाई आक्रमण गरायो । लाखौँ यमनका बालबालिका कुपोषण र बमबारीका कारण मृत्युको मुखमा पुगेका छन् । यमनको भूराजनीतिक अवस्थिति, विशेष गरी लालसागर क्षेत्रको तेल मार्ग र व्यापारिक नाकामा नियन्त्रण जमाउनु नै अमेरिकाको यो फौजी हमलाको मुख्य उद्देश्य हो । अर्को देशको सार्वभौमसत्तामाथि धावा बोल्दै जनताको रगतमाथि व्यापार गर्ने यो अमेरिकी नीतिको निकृष्ट रूप हो ।

६. सोमालिया

पूर्वी अफ्रिकाको सामरिक रूपमा अति महत्त्वपूर्ण देश सोमालियामाथि अमेरिकाले विगत दुई दशकभन्दा बढी समयदेखि नियमित रूपमा ड्रोन हमला र विशेष सैन्य कारबाहीहरू गर्दै आएको छ । अल-शबाबविरुद्धको नाममा गरिएको यो हस्तक्षेपले सोमालियामा शान्ति स्थापना होइन, बरु थप अस्थिरता र अशान्ति पैदा गरेको छ । अमेरिकाले सोमालियाको आन्तरिक सरकारलाई आफ्नो कठपुतलीजस्तै प्रयोग गर्दै आएको छ । यस क्षेत्रको समुद्री मार्ग र प्राकृतिक स्रोतमाथि अमेरिकी एकाधिकार कायम गर्ने उद्देश्यले त्यहाँका नागरिकहरूलाई फौजी आक्रमणको निशाना बनाइएको छ, जुन पूर्ण रूपमा साम्राज्यवादी चरित्रको उपज हो ।

७. पाकिस्तान

पाकिस्तानको सार्वभौमसत्तालाई खुलेआम उल्लङ्घन गर्दै अमेरिकाले उत्तर-पश्चिमी सीमावर्ती क्षेत्रहरूमा हजारौँ पटक ड्रोन हमलाहरू सञ्चालन गऱ्यो । पाकिस्तानी सरकारको औपचारिक सहमतिबिना गरिएको यी हमलाहरूमा सयौँ निर्दोष बालबालिका र सर्वसाधारण मारिए । अमेरिकाले पाकिस्तानलाई आफ्नो स्वार्थ पूरा गर्ने एउटा औजारको रूपमा मात्र प्रयोग गऱ्यो । आतङ्कवादविरुद्धको लडाइँ भनिए पनि पाकिस्तानको भूराजनीतिक स्थिति, आणविक भण्डार र यस क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्ने साम्राज्यवादी महत्त्वाकाङ्क्षा नै यी हमलाहरूको वास्तविक कारण थियो । अर्को देशको आकाश र भूमिमाथि हमला गर्ने अधिकार अमेरिकालाई कसैले दिएको थिएन ।

८. इरान

इरानविरुद्ध अमेरिकाले लामो समयदेखि आर्थिक प्रतिबन्धसँगै प्रत्यक्ष फौजी हमला र लक्षित हत्याहरूको रणनीति अपनाउँदै आएको छ । सन् २०२० मा इरानी सेनाका उच्च जनरल कासिम सुलेमानीलाई तेस्रो देशको भूमिमा ड्रोन हमलामार्फत हत्या गरेर अमेरिकाले युद्धको हद पार गऱ्यो । इरानको तेल उद्योग, आणविक केन्द्रहरू र सामरिक प्रतिष्ठानहरूलाई ध्वस्त पार्न अमेरिकाले गुप्तचर एजेन्सीहरूमार्फत निरन्तर आक्रमण गर्दै आएको छ । इरानको विशाल तेल र प्राकृतिक ग्यासका स्रोतहरूमाथि कब्जा जमाउन असफल भएपछि अमेरिकाले त्यहाँको शासन व्यवस्था बदल्न र जनतालाई कष्ट दिन यो साम्राज्यवादी फौजी दबाब जारी राखेको छ ।

९. भेनेजुयला

ल्याटिन अमेरिकी देश भेनेजुयलाको विशाल कच्चा तेलको भण्डारलाई कब्जा गर्न र त्यहाँको सार्वभौमसत्तामाथि धावा बोल्दै अमेरिकाले वर्षौँदेखि आर्थिक प्रतिबन्ध, नाकाबन्दी र विभिन्न फौजी तथा गुप्तचर हमलाहरू गर्दै आएको थियो । पछिल्लो समय त अमेरिकाले प्रत्यक्ष रूपमा सैन्य आक्रमणको हदसम्म पार गर्दै राजधानी काराकासमा रहेको राष्ट्रपति निवासमा छापा मार्यो र जननिर्वाचित राष्ट्रपति निकोलास मादुरो तथा उनकी पत्नीलाई बलपूर्वक अपहरण गरी नियन्त्रणमा लिएर अमेरिका पुऱ्याउने जस्तो घिनलाग्दो फौजी अपराध गऱ्यो । भेनेजुयलाको स्वाधीन सरकारलाई पल्टाएर त्यहाँ आफ्नो कठपुतली सत्ता स्थापित गर्न र देशका अमूल्य प्राकृतिक स्रोत तथा तेल सम्पदाहरूमाथि पूर्ण रूपमा लुट मच्चाउन चालिएको यो कदम अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसङ्घको बडापत्रको सरासर उपहास हो । अर्को सार्वभौम देशका राष्ट्रप्रमुखलाई नै अपहरण गर्ने यो साम्राज्यवादी दादागिरीले अमेरिकी फौजी हस्तक्षेपको नाङ्गो र कुरूप रूपलाई विश्वसामु छर्लङ्ग पारेको छ ।

१०. नाइजेरिया

पश्चिम अफ्रिकाको शक्तिशाली अर्थतन्त्र र तेलको अपार भण्डार भएको नाइजेरियामा पनि अमेरिकाले आतङ्कवादविरुद्धको नाममा आफ्नो सैन्य उपस्थिति र कारबाहीहरू बढाएको छ । नाइजेरियाली सरकारसँग सुरक्षा साझेदारीको नाममा अमेरिकी विशेष सैन्य बलहरूले त्यहाँका विभिन्न क्षेत्रमा हस्तक्षेप गरेका छन् । यो हस्तक्षेप स्थानीय जनताको सुरक्षाका लागि नभई नाइजेरियाको तेल र खनिज स्रोतहरूमाथि अमेरिकी निगमहरूको पहुँच सुरक्षित गर्न चालिएको चाल हो । अफ्रिकी महादेशमा बढ्दै गएको अन्य देशहरूको प्रभावलाई रोक्न र आफ्नो साम्राज्यवादी प्रभुत्व जमाउन अमेरिकाले नाइजेरियालाई फौजी रणनीतिको केन्द्र बनाउँदै आएको छ ।

११. फिलिपिन्स

एसिया-प्रशान्त क्षेत्रमा आफ्नो फौजी पकड बलियो बनाउन अमेरिकाले फिलिपिन्समा लामो समयदेखि सैन्य हस्तक्षेप गर्दै आएको छ । फिलिपिन्सका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रहरूमा अमेरिकी विशेष सेनाले प्रत्यक्ष सैन्य कारबाहीहरू सञ्चालन गरेका छन् । फिलिपिन्सको सरकारलाई आफ्नो दबाबमा राखेर त्यहाँ सैन्य अखडाहरू पुनः स्थापना गर्नु र चीनविरुद्धको सामरिक मोर्चाबन्दी गर्नु नै यसको मुख्य उद्देश्य हो । फिलिपिन्सको आन्तरिक सार्वभौमसत्तामाथि हस्तक्षेप गर्दै अमेरिकाले आफ्नो साम्राज्यवादी स्वार्थ पूरा गर्न फौजी बलको प्रयोगलाई निरन्तरता दिँदै आएको छ, जसले गर्दा स्थानीय जनताको स्वाभिमानमा चोट पुगेको छ ।

१२. युगान्डा

मध्य अफ्रिकाको युगान्डामा पनि अमेरिकाले विभिन्न विद्रोही समूहहरूविरुद्ध लड्ने बहानामा आफ्नो फौजी बल पठाएर हस्तक्षेप गरेको छ । युगान्डाको आन्तरिक द्वन्द्वमा अमेरिकी सेनाको प्रत्यक्ष सहभागिता मानव अधिकारको रक्षाका लागि नभई अफ्रिकी क्षेत्रमा आफ्नो फौजी प्रभाव विस्तार गर्ने रणनीतिको एक हिस्सा हो । युगान्डा र आसपासका देशहरूमा पाइने खनिज पदार्थ, सुन र अन्य प्राकृतिक स्रोतहरूको दोहनमा अमेरिकी कम्पनीहरूलाई सहजता प्रदान गर्न यो सैन्य हस्तक्षेप चालिएको हो । संयुक्त राष्ट्रसङ्घको म्यान्डेटभन्दा बाहिर गएर गरिने यस्ता कारबाहीहरू पूर्ण रूपमा साम्राज्यवादी विस्तारवादका उदाहरण हुन् ।

१३. नाइजर

पश्चिम अफ्रिकाको साहेल क्षेत्रमा अवस्थित नाइजरमा अमेरिकाले ठुलो खर्च गरेर ड्रोन अखडाहरू निर्माण गरेको छ र त्यहाँ आफ्ना फौजीहरू तैनाथ गरेको छ । नाइजरका विभिन्न विद्रोही समूहहरूमाथि गरिएको हवाई हमला र सैन्य कारबाहीहरूको वास्तविक उद्देश्य स्थानीय जनताको रक्षा गर्नु होइन । नाइजरको युरेनियम र अन्य अमूल्य खनिज सम्पदालाई आफ्नो नियन्त्रणमा राख्नु तथा पश्चिमा राष्ट्रहरूको ऊर्जा सुरक्षा सुनिश्चित गर्नु नै अमेरिकी फौजी उपस्थितिको मुख्य कारण हो । अफ्रिकाको सार्वभौम देशमा बिनाअनुमति फौजी बल प्रयोग गर्नु अमेरिकी साम्राज्यवादी हस्तक्षेपको अर्को कालो अध्याय हो ।

१४. सर्विया (युगोस्लाभिया)

सन् १९९९ मा अमेरिका र नेटो गठबन्धनले संयुक्त राष्ट्रसङ्घको कुनै पनि प्रकारको आधिकारिक स्वीकृतिबिना युगोस्लाभिया (वर्तमान सर्विया) माथि ७८ दिनसम्म लगातार भिषण हवाई आक्रमण गऱ्यो । कोसोभो सङ्कटको नाममा गरिएको यो फौजी हमलामा सर्वियाका अस्पताल, विद्यालय, पुल, सञ्चारमाध्यम बलमा आवासीय क्षेत्रहरूमा समेत बमवर्षा गरियो, जसमा हजारौँ निर्दोष नागरिक मारिए । युरोपको मुटुमा आफ्नो सैन्य प्रभाव स्थापित गर्न र स्वतन्त्र मुलुकलाई टुक्रा-टुक्रा पार्न यो साम्राज्यवादी हमला गरिएको थियो । सार्वभौम राष्ट्रको अखण्डतामाथि अमेरिकी नेतृत्वमा भएको यो हमला आधुनिक इतिहासको एक ठुलो फौजी अपराध हो ।

१५. सुडान

सन् १९९८ मा अमेरिकाले सुडानको राजधानी खार्तुममा रहेको अल-शिफा औषधि कारखाना र अन्य क्षेत्रहरूमा क्रुज क्षेप्यास्त्र प्रहार गरी भिषण हमला गऱ्यो । सुडानमा आतङ्कवादलाई आश्रय दिएको झूटा बहाना बनाएर गरिएको यो हमला पूर्ण रूपमा गैरकानुनी थियो, जसमा निर्दोष नागरिकहरूले ज्यान गुमाए । सुडानको आन्तरिक राजनीतिलाई अस्थिर बनाउन, त्यहाँको तेल र प्राकृतिक स्रोतहरू लुट्न र सुडानलाई आफ्नो नियन्त्रणमा राख्न अमेरिकाले यो फौजी कारबाही गरेको थियो । संयुक्त राष्ट्रसङ्घको उपेक्षा गर्दै आफ्ना शत्रु देशहरूलाई फौजी बलको भरमा तहसनहस पार्ने अमेरिकी साम्राज्यवादी नीतिको यो एक कुरूप नमुना हो ।

ब्राजिलमा लुलाको 'चमत्कारी' कमब्याकको अर्थ

✍ **गिल्हेरमे कासारोएस**

तीन साताअघिसम्म मानिसले ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाको राजनीति अन्त्य भइसकेको घोषणा गरिरहेका थिए । पूर्वराष्ट्रपति जैर बोल्सोनारोका छोरा तथा अतिदक्षिणपन्थी उम्मेदवार फ्लाभियो बोल्सोनारोले राष्ट्रपतीय निर्वाचनको पहिलो चरणमा यस्तो अग्रता लिएका थिए, जसलाई उछिन्न असम्भवजस्तै देखिन्थ्यो । ८० वर्षीय लुला ब्राजिलको राजनीतिक जीवनको केन्द्रमा चार दशक बिताइसकेपछि अब चुपचाप बिदा लिने बाटोमा रहेको अनुमान गरिएको थियो । तर, लुलाले सबैको अनुमान गलत साबित गरिदिए । उनले निर्वाचनको दोस्रो चरणमा जित हासिल गरे र ब्राजिलको राष्ट्रपतिका रूपमा चौथो (तर लगातार होइन) कार्यकाल सुनिश्चित गरे ।

ब्राजिलको राजनीतिमा निर्वाचनको यो नतिजा कम्तीमा तीन कारणले अभूतपूर्व छ । पहिलो, यसअघि ब्राजिलको कुनै पनि राष्ट्रपतीय उम्मेदवारले पहिलो चरणमा जित हासिल गरेपछि दोस्रो चरणमा हार व्यहोरेका थिएनन् । सन् १९८८ को ब्राजिली संविधानमार्फत दुई चरणको निर्वाचन प्रणाली अपनाइएयता पहिलो चरणमा अग्रस्थानमा रहने उम्मेदवार नै अन्तिममा विजयी हुँदै आएका थिए । लुलाले पहिलो चरणमा करिब २२ लाख मतले पछि परेको अवस्थालाई तीन साताभित्रै एक ठोस जितमा परिणत गर्दै यो क्रम तोडिदिएका छन् ।

दोस्रो, ब्राजिलका कुनै पनि राष्ट्रपति अहिलेसम्म चार कार्यकालका लागि निर्वाचित भएका छैनन् । जब उनको नयाँ कार्यकाल समाप्त हुन्छ, लुलाले ब्राजिलमा १६ वर्ष शासन गरेका हुनेछन्, जुन देशको इतिहासमा सबैभन्दा लामो लोकतान्त्रिक रूपमा निर्वाचित कार्यकाल हो । तेस्रो, ब्राजिलमा कुनै पनि दोस्रो चरणको अभियानले दुवै पक्षलाई समर्थन गर्दै यति धेरै मानिसलाई सडक र सामाजिक सञ्जालमा ल्याएको थिएन । पहिलो चरणविपरीत दोस्रो चरण शान्त थिएन । ब्राजिलले मतदाताको ठुलो परिचालन देखेको थियो । ब्राजिलको वामपन्थी खेमाले सामाजिक सञ्जाल प्लाटफर्म, आर्थिक अभिजात वर्ग र सर्वोच्च निर्वाचन अदालतविरुद्ध निकै कठिन सङ्घर्ष गर्नुपर्यो ।

लुलाको जित ब्राजिलको सीमाभन्दा धेरै परसम्म अर्थपूर्ण छ, यसका मुख्यतया तीनवटा आयाम छन् । विश्वव्यापी रूपमा हेर्दा ब्राजिल अति दक्षिणपन्थी विचारधाराको उदयविरुद्ध एक बलियो कवचका रूपमा उभिएको छ । हालै ल्याटिन अमेरिका र युरोपमा भएका चुनावमा लगभग सबैजसो ठाउँमा अति दक्षिणपन्थी दल अगाडि देखिए । तर, विश्वको चौथो ठुलो लोकतन्त्र ब्राजिलले भने यसलाई उल्ट्याइदिएको छ ।

ल्याटिन अमेरिकामा विगत एक दशकमा शासक दलले एकपछि अर्को चुनाव हारेका छन् । मुद्रास्फीति, असुरक्षा र आर्थिक स्थिरताका लागि मतदाताले दण्ड दिएका छन् । ब्राजिलको अर्थतन्त्र उचित अवस्थामा थियो, तर यसको लाभ असमान रूपमा महसुस गरिएको थियो । बोल्सोनारोले दक्षिण अमेरिकामा वासिङटनको मनपर्ने साझेदारका रूपमा अभियान चलाएका थिए । ब्राजिलका मतदाताले त्यो प्रस्ताव अस्वीकार गरे ।

लुलाले आफ्नो औचित्य पुष्टि भएको ठान्ने गल्ती गर्नु हुँदैन । हो, उनले बाटो सच्याए । तीन सातामा, विशेष गरी पहिलो चरणको कमजोर अभियानको क्रममा आफ्नो चार वर्षको कार्यकालमा आफूले गरेका गल्ती स्वीकारे । उनले आफ्नो सन्देशलाई तीक्ष्ण बनाए, गठबन्धनलाई फराकिलो बनाए र आफूलाई हराएका मतदातासँग प्रत्यक्ष संवाद गरे । राजनीतिज्ञका लागि यो सानो उपलब्धि होइन, चाहे उनी जतिसुकै अनुभवी किन नहोऊन् ।

निकोलस फेरेरा र लुकास पाभानाटोलगायत अति-दक्षिणपन्थी खेमाका प्रमुख व्यक्तिले यो चुनावी नतिजा स्वीकार नगर्ने बताइसकेका छन् । बोल्सोनारोले आफूले हार नस्वीकार्ने बताएका छन् । ह्वाइट हाउसको बोल्सोनारो परिवारसँगको निकट सम्बन्धलाई हेर्दा ट्रम्प प्रशासनले चुनावी नतिजामाथि प्रश्न उठाउने वा नतिजालाई मान्यता नदिने जोखिम पनि छ ।

निर्वाचनकै दिन उत्पन्न कानुनी विवादले परिस्थिति अझ जटिल बनेको छ । विभिन्न सहरमा लुलाका समर्थकलाई मतदान गर्नबाट रोक्ने वा हतोत्साहित गर्ने प्रयासको आरोपपछि मतदानको समय थप्ने कि नथप्ने विषयमा ब्राजिलको सर्वोच्च अदालत र निर्वाचन अदालतका न्यायाधीशबिच मतभेद देखियो । कानुनी रूपमा यसको औचित्य जे भए पनि यो विवादले पराजित पक्षलाई 'मतदानमा अनियमितता' भएको तर्क गर्ने आधार दिएको छ । यो गम्भीर चिन्ताको विषय बन्न सक्छ र यसको असर केही सातासम्म लम्बिन सक्छ ।

५ जनवरीमा लुलाले पदभार ग्रहण गर्दा तीन प्रश्नले उनको चौथो कार्यकालको स्वरूप निर्धारण गर्नेछन् । पहिलो, कङ्ग्रेसमा रुढिवादीको बहुमत र एक दर्जनभन्दा बढी दक्षिणपन्थी राज्य गभर्नर रहेको र विभाजित मुलुकलाई लुलाले कसरी शासन गर्लान् ?

विगत चार वर्षसम्म उनलाई एकप्रकारले बन्धक बनाएको व्यवस्थापिका अब झन् शत्रुतापूर्ण बनेको छ । हरेक बजेट, सुधार र नियुक्ति एक कठिन मोलतोलको विषय बन्नेछ र लुलाको टाउकोमा महाभियोगको तरबार पनि झुन्डिरहने सम्भावना छ ।

दोस्रो, दलीय विवादभन्दा धेरै माथि उठेका समस्यालाई उनले कसरी सम्बोधन गर्लान् ? यसमा सरकारी खर्चमा भएको वृद्धिका कारण सिर्जित आर्थिक दबाब, लोकतान्त्रिक संस्थाप्रति घट्दै गएको विश्वास र आफ्नो परिकल्पनाअनुरूप काम गर्न छाडेको संस्थागत प्रणालीजस्ता विषय पर्छन्् । तेस्रो, के लुला, उनको 'वर्कर्स पार्टी' र ब्राजिलका अन्य लोकतान्त्रिक शक्तिले पाएको यो अवसरलाई ब्राजिलको राजनीतिलाई नयाँ रूप दिन प्रयोग गर्लान् ?

(कासारोएस फ्लोरिडा इन्टरनेसनल युनिभर्सिटीका एसोसिएट प्रोफेसर हुन् ।)

द कन्भर्सेसनबाट

कार्यकर्ताहरू...

छन् । साम्राज्यवादी, विस्तारवादी, प्रतिक्रियावादी र पुँजीवादी देशहरूले यस्ता कार्य गरिरहेका हुन्छन् । उनीहरू नक्कली कम्युनिस्ट पार्टी खडा गरेर, पार्टीभित्र घुसेर, लोभलालच देखाएर, पैसा बगाएर, जाली काम गर्न, भ्रम फैलाउन, झगडा गराउन अघि सरिरहेका हुन्छन् । कति कार्यकर्ताहरू आफूलाई कम्युनिस्ट हो जस्तो बनाउन कम्युनिस्ट कार्यकताहरूसँग लागेका हुन्छन्; भिजेका हुन्छन् र कुराकानी पनि ठिक्कै गर्छन् । तर, तिनै कार्यकर्ताहरू भित्र भित्र अर्कै दलमा रहेर काम गरिरहेका हुन्छन्; अर्को दलको सेवा गरिरहेका हुन्छन् । सारमा, उनीहरू द्वैधचरित्रका हुन्छन् । जहाँ गए ठिक्क पार्ने स्वभावका त्यस्ता कार्यकर्ताहरूदेखि सावधान हुनुपर्छ । आफूलाई कार्यकर्ता भन्ने तर तिनीहरूले आफ्नो जिम्मेवारी पूरा नगरी विरोध गरिरहेका हुन्छन् । यी सवालमा कार्यकर्ताहरू जहिल्यै सचेत र चनाखो हुनुपर्छ ।

क्युवाद्वारा...

राष्ट्रहरूलाई यस टापुविरुद्धको नाकाबन्दी अन्त्य गर्न आह्वान गर्ने प्रस्तावको पक्षमा आफ्नो मत परिवर्तन गर्न दबाब दिने र धम्की दिने संसारको नजरमा अब प्रभावकारी छैन । अब, तिनीहरूले परिदृश्यहरू सिर्जना गर्छन् जुन हालको संयुक्त राष्ट्र सङ्घीय महासभामा मुद्दासँग कुनै सरोकार छैन ।

यस भ्रामक भाषणको जवाफमा, क्यारिबियन राष्ट्रको प्रतिनिधिमण्डलले बिन्दुको आदेश अनुरोध गऱ्यो । संयुक्त राष्ट्रका लागि अमेरिकी स्थायी प्रतिनिधि माइक वाल्ट्जले लगाएको आरोप-शान्ति र समझदारीको लागि उर्वरभूमि हुनुपर्ने फोरममा क्युवाको तत्काल प्रतिक्रिया प्राप्त गऱ्यो ।

अमेरिकी राजदूतले देशले भोगिरहेको जटिल अवस्थाको लागि क्युवाली अधिकारीहरूलाई दोष दिने साहस गरे, जानाजानी बेवास्ता गर्दै नाकाबन्दी ६ दशकभन्दा बढी समयदेखि जारी छ र यस वर्षको सुरूदेखि पहिले कहिल्यै भएको थिएन ।

तेल प्रतिबन्ध, कार्यकारी आदेशहरू, आतङ्कवादको राज्य प्रायोजकहरूको सूचीमा क्युवाको निरन्तर उपस्थिति, आधारभूत आपूर्तिहरूसहितको कन्टेनरहरू रोक्ने वाल्ट्जले 'बिर्सेका' थिए, यद्यपि उनको सरकार यी प्रत्येक प्रकारको सामूहिक सजायको लागि जिम्मेवार छ ।

यद्यपि, उनको टिप्पणीले क्युवाको अन्तर्राष्ट्रिय चिकित्सा सहयोगमाथि प्रश्न उठाउन पछि परेन, जुन पछि विभिन्न राष्ट्रका धेरै वक्ताहरूले स्वीकार गरे । उनले संयुक्त राज्य अमेरिकाले पठाएको मानवीय सहायताको भाग्यमा पनि शङ्का व्यक्त गर्न खोजे । हो, अमेरिकी राजदूतको साहस क्युवाली जनतासँग ऐक्यबद्धता देखाउनेहरूलाई उत्पीडन गर्ने देशबाट आएको हो ।

उनले स्वतन्त्रताको बारेमा कुरा गर्ने प्रयास गरे, उही व्यक्ति जसलाई क्युवाली विदेशमन्त्रीले आफ्ना नागरिकहरूलाई क्यारिबियाली क्षेत्रको सबैभन्दा ठुलो यात्रा गर्न अनुमति दिन आग्रह गरे ।

उनले क्युवाली कूटनीतिको प्रमुखलाई धम्की दिँदा संयुक्त राष्ट्र सङ्घको अगाडि उत्तरी राष्ट्रको स्थायी 'झूट' लाई पनि बिर्सिए: "यो अमेरिका हो", उनले भने ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

खप माध्यमिक विद्यालय

देकोचा, भक्तपुर, सम्पर्क नं. : ६६१०९३२

आवश्यकता सम्बन्धमा सूचना

प्रकाशित मिति : २०८३ कार्तिक १२ गते

ख्वप मा.वि.को लागि सुरक्षा गार्ड (चौकीदार) र आंशिक विज्ञान प्रयोगशाला सहायक आवश्यक भएको हुँदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले २०८३ कार्तिक १८ गतेभित्र आफूले हासिल गरेको शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्र, नागरिकता र राष्ट्रिय परिचयपत्रको प्रतिलिपिसहित विद्यालयले उपलब्ध गराएको फाराम भरी बुझाउन सूचित गरिन्छ ।

पदको नाम	तह	आवश्यक सङ्ख्या	आवश्यक न्यूनतम योग्यता	प्राथमिकता	फाराम दस्तुर	परीक्षाको किसिम	सेवा
सुरक्षा गार्ड (चौकिदार)	श्रेणीविहीन	१	साधारण लेखपढ	सेक्युरिटी गार्ड सम्बन्धी तालिम प्राप्त/अनुभवी	रु.१००	अन्तर्वार्ता	करार
आंशिक प्रयोगशाला सहायक	तह उल्लेख नभएको	२	विज्ञान विषय लिई प्लस टु उत्तीर्ण हुनुपर्ने	कार्य अनुभव भएको	रु. १००	अन्तर्वार्ता	आंशिक

नोट :

१. **उमेर हद :** १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।
२. **फाराम लिने र बुझाउने समय :** बिहान ७ बजेदेखि दिनको ४:०० बजेसम्म ।
३. **सम्पर्क मिति :** कार्तिक १९ गते, बिहीबार १०:०० बजेपछि ।
४. रीत नपुगी वा म्याद नाघी आएको निवेदनउपर कुनै कारबाही हुनेछैन ।
५. विस्तृत जानकारीको लागि विद्यालय प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

ॐ हार्दिक समवेदना ॐ



स्व. गणेशकुमार गोसाई
निधनः २०८३/०५/२७



स्व. पुनवीर दुवाल
निधनः २०८३/०६/१२



स्व. जसमाया कुसी
निधनः २०८३/०६/२६

यस ख्वप अस्पतालमा कार्यरत कर्मचारीहरू उर्मिला राजलवटका पूजनीय ससुराबुबा **गणेशकुमार गोसाई**, रामप्रसाद दुवालका पूजनीय पिता **पुनवीर दुवाल** तथा सत्यलक्ष्मी कुसीकी ममतामयी माता **जसमाया कुसी**को असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

ख्वप अस्पताल परिवार

च्याम्हासिंह-९, भक्तपुर

भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिकाको आयोजनामा २०८३ कार्तिक १४ गतेदेखि १८ गतेसम्म सञ्चालन हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत खो खो प्रतियोगिताको

खेल तालिका

खो खो छात्र

- १. वागीश्वरी मा.वि.
- २. गणेश मा.वि. — २०८३/७/१४ गते, ८:०० बजे
- ३. प्रभात सेकेन्डरी स्कूल — २०८३/७/१६ गते, ११:४० बजे
- ४. बासु मा.वि. — २०८३/७/१४ गते, १२:२० बजे
- ५. समता स्कूल — २०८३/७/१७ गते, २:५० बजे
- ६. ब्राइट स्टार — २०८३/७/१४ गते, १:१० बजे
- ७. पारागन एकेडेमी — २०८३/७/१७ गते, १०:५० बजे
- ८. तारा मा.वि. — २०८३/७/१४ गते, ८:५० बजे
- ९. श्री दत्तात्रय आ.वि. — २०८३/७/१६ गते, १०:०० बजे
- १०. विद्यार्थी निकेतन
- ११. पद्म मावि. — २०८३/७/१६ गते, १०:५० बजे
- १२. मिनर्वा ई.स्कूल — २०८३/७/१४ गते, ९:३० बजे
- १३. बालविकास स्कूल — २०८३/७/१७ गते, ११:४० बजे
- १४. विद्या आर्जन स्कूल — २०८३/७/१४ गते, ३:०० बजे
- १५. गोल्डेन गेट ई.स्कूल — २०८३/७/१७ गते, ३:४० बजे
- १६. जागृति मा.वि. — २०८३/७/१४ गते, ३:५० बजे
- १७. आदर्श आजाद मा.वि. — २०८३/७/१६ गते, १२:३० बजे
- १८. एभ्रेष्ट ई.स्कूल — २०८३/७/१४ गते, १०:२० बजे
- १९. प्रवेश एकेडेमी — २०८३/७/१५ गते, ३:५० बजे
- २०. सरस्वती विद्यागृह

फाइनल — २०८३/७/१८ गते बिहान

खो खो छात्रा

- १. वागीश्वरी मा.वि.
- २. बाई — २०८३/७/१६ गते, २:०० बजे
- ३. तारा मा.वि. — २०८३/७/१५ गते, ८:०० बजे
- ४. बासु मा.वि. — २०८३/७/१७ गते, १२:३० बजे
- ५. समाज सुधार मा.वि. — २०८३/७/१५ गते, ८:५० बजे
- ६. बाल विकास ई.स्कूल — २०८३/७/१६ गते, ३:४० बजे
- ७. मिनर्वा — २०८३/७/१५ गते, ९:३० बजे
- ८. पद्म मा.वि.
- ९. प्रभात मा.वि. — २०८३/७/१५ गते, १०:२० बजे
- १०. गणेश मा.वि. — २०८३/७/१७ गते, १०:०० बजे
- ११. विद्यार्थी निकेतन — २०८३/७/१५ गते, १२:२० बजे
- १२. ब्राइट स्टार — २०८३/७/१७ गते, २:०० बजे
- १३. मेधा मा.वि. — २०८३/७/१५ गते, १:१० बजे
- १४. सरस्वती विद्यागृह — २०८३/७/१६ गते, २:५० बजे
- १५. बाई
- १६. आदर्श आजाद मा.वि.

फाइनल — २०८३/७/१८ गते बिहान

भक्तपुर नगरपालिका १० नं. वडा कार्यालय

खेल व्यवस्थापन भनपा-१० वडा खेलकूद समिति

पुनश्च :

- *खेल सुरु हुनुभन्दा ३० मिनेटअगाडि ग्राउन्ड रिपोर्टिङ गरिसक्नुपर्नेछ ।*
- प्रतियोगितामा सहभागी सम्पूर्ण खेलाडी विद्यार्थीहरूको फोटो फाराममा अनिवार्य रूपमा टाँसिएको हुनुपर्नेछ ।
- खेल सुरु हुन अगाडि रुजु गर्दा फोटो नभएको खेलाडीलाई खेलाइने छैन ।
- खेलसम्बन्धी कुनै विवाद भएमा निर्णायक समिति र आयोजक समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
- खेल हुने स्थान भ.न.पा. वडा नं. १०, लामगाल चौरमा यस वर्ष धान भित्र्याउने समय भएको हुनाले खेल मैदानभित्र खेलाडी र अफिसियल मात्र प्रवेश पाउनेछ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा